का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ पुस २०८०,
शनिबार
13 January 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३३९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# माफी पाएको सात महिनामै पार्टी अध्यक्ष

चौधरीविरुद्ध सर्वोच्चमा मुद्दा बिचाराधीन छ । राष्ट्रपतिले दिएको माफी बदर भए फौजदारी अभियोगमा कैद भुक्तान गर्न कारावास जानुपर्ने व्यक्ति पार्टी नेतृत्वमा पुगेपछि कतिपयले कानूनी प्रश्न उठाएका हुन् ।





"कुनै पनि पार्टीको महाधिवेशनपछि त्यसको अद्यावधिक विवरण आयोगमा बुझाउनुपर्छ । औपचारिकरुपमा त्यस्तो विवरण प्राप्त भएपछि आशंका भए वा थप प्रष्टता आवश्यक रहेको महसुस आयोगले गरेको खण्डमा त्यस सम्बन्धमा चासो व्यक्त हुन सक्दछ ।

■ **दिनेश थपलिया**
**प्रमुख आयुक्त, निर्वाचन आयोग**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

कुनै पनि राजनीतिक दलको नेतृत्व चयनको आफ्नै किसिमको प्रक्रिया हुन्छ । तर, जे जस्तो प्रक्रियाबाट नेतृत्व चयन गरेता पनि राजनीतिक दल सम्बन्धी एनले कुनै पनि राजनीतिक दलको सदस्य हुन सक्ने अवस्था देखाएको छ ।

उक्त ऐनको दफा १४ अनुसार भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारप्रसार, लागूऔषध तथा बिक्री वितरण तथा निकासी वा वा पैठारी, सम्पति सुद्धीकरण, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा कैदको सजाय नपाएको व्यक्ति राजनीतिक दलको सदस्य हुन पाउँछ ।

फौजदारी कसूरमा कैदको सजाय पाएको तर, राष्ट्रपतिबाट माफी पाएका रेशम चौधरी नागरिक उन्मुक्ति पार्टी (नाउपा)को अध्यक्ष भएसँगै कतिपयले कानूनी प्रश्न उठाएका छन् ।

शुक्रबार कैलालीको टीकापुरमा भएको नाउपाको पहिलो महाधिवेशनले चौधरीलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो । अध्यक्षमा चौधरीको मात्रै उम्मेदवारी परेकाकारण उनी निर्विरोध अध्यक्ष भएका हुन् । चौधरीको उम्मेदवारीमा रोशन थापा प्रस्तावक र सानु शाक्य समर्थक थिए ।

शुक्रबार अध्यक्ष भएका चौधरी यसअघि पार्टीको संरक्षक थिए । पार्टी अध्यक्षमा उनकी पत्नीसमेत रहेकी रञ्जिता श्रेष्ठ चौधरी थिइन् । रञ्जिता हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री छन् ।

श्रीमती अध्यक्ष हुँदा हुँदै रेशम आफैं अध्यक्ष हुनुलाई पनि कतिपयले चासोका साथ हेरेका छन् । साथै, टीकापुर घटनामा दोषी ठहर भएका रेशम अध्यक्ष भएपछि कतिपयले कानूनी प्रश्न उठेको बताएका हुन् ।

नयाँ संविधान जारी गर्ने सन्दर्भमा छुट्टै प्रदेश माग भएर भइरहेको आन्दोलनका क्रममा २०७२ साल भदौमा कैलालीको टीकापुरमा थरुहट आन्दोलनकारीको आक्रमणमा परी जनपथ प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित ६ सुरक्षाकर्मीको मृत्यु भएको थियो । उक्त घटनामा चौधरी अदालतबाट दोषी ठहर भएका थिए ।

टिकापुर घटनापछि शेही वर्ष चौधरी भूमिगत रहेका रेशम राजपाबाट २०७४ को चुनावमा कैलाली क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए । २०७९ को चुनाव भन्दा अगाडि नै उनले आफू संरक्षक रहेर नागरिक उन्मुक्ति पार्टी गठन गरे । नाउपा गठन हुँदा रेशम जेलमै थिए । त्यसकारण श्रीमती >>> पृष्ठ २ मा

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बााचौं

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
- यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।परेमा भेन्टिलेसन खुला राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

संसद अधिवेशन

## माघ तेस्रो साता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस ।

संघीय संसदको हिउँदे अधिवेशन माघ तेस्रो साता मात्रै बस्ने भएको छ । सरकारकी प्रवक्ता समेत रहेकी सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माका अनुसार माघ तेस्रो साता मात्रै अधिवेशन बोलाउने तयारी रहेको जानकारी दिएकी हुन् ।

माघ ११ गते राष्ट्रिय सभाको चुनाव छ । त्यस पछाडि मात्रै अधिवेशन बोलाउने निचोडमा सरकार पुगेको हो संघीय संसदको अघिल्लो अधिवेशन २०८० साल वैशाख २४ गते सुरु भई कात्तिक १६ गतेसम्म चलेको थियो ।

सरकारको नीति तथा कार्यक्रम र बजेटमाथि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरेको प्रतिवद्धता अनुसार संसद अधिवेशन बोलाइसक्नुपर्ने थियो । नीति तथा कार्यक्रममा प्रि बजेट छलफल संसदमा फागुन महिनामा नै गर्ने भनिएको थियो ।

जेठ १५ २०८० मा प्रतिनिधि सभाको बैठकमा चालू आर्थिक वर्षको राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्दै अर्थमन्त्री डा। प्रकाशशरण महतले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि संघीय संसदमा फागुन महिनामा छलफल गर्ने व्यवस्था गरेको घोषणा गरेका थिए । यस अनुसार फागुनमै संसदमा प्रि बजेट छलफल चलाउन पुस महिनामा संसदमा आवश्यक कानुनहरु बनाइसक्नुपर्ने हुन्छ ।

साथै, सरकारले संविधान कार्यान्वयनका लागि आवश्यक कानुनहरु बनाउने प्रतिवद्धता निरन्तर व्यक्त गर्दै आएको छ । राष्ट्रिय सभाको एक अध्ययन अनुसार संघीय सरकारले संविधान कार्यान्वयनका लागि तत्काल ३९ वटा कानुन बनाउनुपर्ने छ ।

संविधान अनुसार प्रहरी समायोजन नभएको भनी प्रदेश सरकारहरु संघीय सरकारको विरोध गरिरहेका छन् । संघीय निजामती ऐन, शिक्षा ऐनको विषयमा पनि सरोकारवालाहरुको चासो र दबाब निरन्तर छ ।

# कर्मचारीको कोटामा स्वकीय सचिव विदेश भ्रमणमा !

मन्त्रीहरुले कर्मचारीको कोटामै आफ्ना स्वकीय सचिवालयका कर्मचारी लैजान थालेको भनि अख्तियारमा उजुरी परेको थियो । यही बेला सतर्कता केन्द्रले पनि कर्मचारीको कोटामा स्वकीय सचिव र सल्लाहकार विदेश भ्रमणमा रोक लगाएको हो ।

"स्वकीय सचिव र सल्लाहकार हरुलाई आउने निम्तो र कोटा हुन्छ । त्यसबाहिर गएर कर्मचारीहरुको कोटा खासेर अरुलाई लैजान मिल्दैन । यस्तो नगर्न भनेका हौं ।

**हरिप्रसाद शर्मा**
**सूचना अधिकारी, सतर्कता केन्द्र**

**शिव विक/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

सरकारी कर्मचारीका लागि आएको वा तय हुने कोटामा प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, विभिन्न प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीका स्वकीय सचिव र सल्लाहकारहरुले विदेश भ्रमण गर्ने गरेको पाइएको छ ।

कानुननतः कर्मचारीको कोटामा स्वकीय सचिव र सल्लाहकार विदेश भ्रमणमा जानु गलत हो । यही विषय सम्झाउँदै राष्ट्रिय सतर्कता केन्द्रले कर्मचारीको कोटामा स्वकीय सचिव र सल्लाहकार विदेश भ्रमणमा जान नदिन पत्राचार गरेको छ । राष्ट्रिय सतर्कता केन्द्रले नियम विपरीत कर्मचारीको कोटामा स्वकीय सचिव र सल्लाहकार विदेश भ्रमणमा जान रोक लगाएसँगै यो विषय सार्वजनिक भएको हो ।

सतर्कता केन्द्रका सूचना अधिकारी हरिप्रसाद शर्माका अनुसार कर्मचारी तथा अन्य सरकारी पदाधिकारीका लागि आएको भ्रमण कोटामा उनीहरुलाई विदेश भ्रमणमा नपठाउन केन्द्रले लिखित निर्देशन नै दिएको छ ।

मन्त्रीहरुले कर्मचारीको कोटामै आफ्ना स्वकीय सचिवालयका कर्मचारी लैजान थालेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । आयोगले यसबारे आवश्यक कारबाही गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्र >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# मलेसियामा पाँच लाख विदेशी कामदार बेरोजगार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस




मलेसियामा ५ लाख विदेशी कामदार बेरोजगार रहेको विषयमा विवाद चुलिएको छ । नेशनल एशोसिएसन अफ प्राइभेट इम्प्लोइमेन्ट एजेन्सीज मलेसिया (पप्स्मा)का महासचिव सुकुमारन नायरले मलेसियामा ५ लाखभन्दा बढी विदेशी कामदार गैरकानूनीरूपमा रहेको र उनीहरू बेरोजगार रहेको दाबी गरेका छन् ।

लामो समयदेखि स्रोत मुलुकका लागि नयाँ एप्रुभल रोकिएको अवस्थामा ५ लाख विदेशी कामदार बेरोजगार रहेको दाबी सार्वजनिक भएको हो । मलेसियाका मानव संशाधन मन्त्री स्टिभन सिमले ५ लाख विदेशी कामदार बेरोजगार रहेको प्रमाणित प्रतिवेदन आएमा मन्त्रालयले उपयुक्त कारबाही गर्ने बताएका छन् । रोजगारीका लागि आवश्यक तयारी नै नगरी बंगलादेशी कामदारलाई मलेसियामा ल्याइएको मुद्दा हालै जोहरबारूमा १७१ जना बंगलादेशी एजेन्टहरू पक्राउ परेपछि खुलासा भएको हो । बंगलादेशबाट लगिएका कामदार मलेसियामा रोजगारी नपाएपछि एजेन्टविरुद्ध नाराबाजी गर्दै प्रहरी चौकी पुगेका थिए । उनीहरूले आफुहरूलाई मलेसिया ल्याउने एजेन्टहरूले काम सुरक्षित गर्न असफल भएको दाबी गर्दै क्षतिपूर्तिको माग गरेका छन् ।

मानव संशाधन मन्त्री सिमले जनवरी १६ मा गृहमन्त्री सैफुद्दिन नासुशन इस्माइललाई भेटेर विदेशी कामदारको भर्नासहित विदेशी कामदारहरूलाई शोषण हुन नदिने विषयमा केन्द्रित हुने बताए । उनले नयाँ नियमावली र विदेशी कामदारसम्बन्धी विद्यमान कानूनमा सुधार गर्ने पनि मलेसिया सरकारले तयारी गरिरहेको बताए ।

शीतल निवासमा शीर्ष नेता

# संघीयता कार्यान्वयनमा राष्ट्रपतिको चासो

संक्रमणकालीन न्याय, शिक्षा विधेयक संसदमा छलफलमा छ । निजामती विधेयक संसदमा दर्ता हुनै सकिरहेको छैन । प्रदेश सरकारहरु अधिकार नपाए आन्दोलन गर्ने चेतावनी दिइरहेका छन् । यही बेला राष्ट्रपति पौडेलले संघीयता कार्यान्वयनको विषयमा चासो राख्दै प्रमुख दलका शीर्ष नेताको ध्यानाकर्षण गराएका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ पुस ।



प्रमुख तीन दलका शीर्ष नेताहरुले राष्ट्रपति रामचन्द्र पौडेलसँग भेट गरेका छन् । शुक्रबार राष्ट्रपतिलाई भेट्न प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा राष्ट्रपति भवन शीतल निवासमा पुगेका हुन् ।

शीर्ष नेताहरुसँग भएको भेटमा राष्ट्रपति पौडेलले संघीयता कार्यान्वयनमा चासो देखाएका छन् । संघीयता कार्यान्वयनका साथसाथै सुशासन र विश्वविद्यालयमा सुधार लगायतका विषयमा छलफल भएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकका जल्दाबल्दा समस्या समाधान गरेर लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउन सबै मिलेर अघि बढ्न प्रमुख तीन राजनीतिक दलका शीर्ष नेताहरुको ध्यानाकर्षण गरेका छन् ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार राष्ट्रपति पौडेलले राजनीतिक दलहरुले आफूहरुले मिलेर ल्याएको संघीयता कार्यान्वयन गर्न प्रदेशलाई अधिकार दिने गरी तत्काल कानुन पनि >>> पृष्ठ २ मा

# राष्ट्रिय एकता दिवसः धनकुटामा पदयात्रा

**काठमाडौं/मस-** पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा धरानबाट धनकुटासम्म एकीकरण पदमार्गमा पदयात्रा गरिएको छ । नेपाली सेनाको आयोजनामा धरानस्थित फुस्रेबाट धनकुटाको साँगुरीगढी गाउँपालिकास्थित साँगुरीगढीसम्म पदयात्रा गरिएको हो । साँगुरीगढी एउटा त्यो थलो हो जो नेपाल एकीकरणताका एकीकरणका नायक राजा पृथ्वीनारायण शाहका सेनाका कमाण्डर अभिमानसिंह बस्नेतले वि.सं. १८३१ मा साँगुरीगढीमा गोर्खाली फौज पठाइ नियन्त्रणमा लिएर त्यहीबाट उत्तर र पूर्वतर्फ एकीकरण अभियानको सुरुवात गरिएको थियो ।

त्यस्तै कोशी राजमार्ग बन्नु अघिसम्म पहाडी क्षेत्रका नागरिकको नुन तेल लिनलाई धरान जाने मुख्य नाका हो ।



यसैलाई आधार मानेर भिमदल गण सल्लेरी धनकुटाको संयोजनमा धरानदेखि करिब साढे छ किलोमिटर उकालो यात्रा गरेको हो । साँगुरीगढी पुगेपछि विभिन्न नाच तथा कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा पूर्वी प्रितना हेडक्वाटर इटहरीका पृतनापती उपरथी पिएचडी आसबहादुर तामाङले पुर्खाहरुको योगदान भुल्नु नहुने बताए । साँगुरीगढी गाउँपालिकाका अध्यक्ष जितेन्द्र रुदाली राईले यसलाई इतिहास र पर्यटनसँग जोड्नुपर्ने र त्यसको लागि पालिकाले पहल गरिरहेको बताए ।

बृहत् पदयात्रामा धनकुटा र धरानका दुई सय बढी विभिन्न सरोकारवाला, पर्यटन व्यवसायी र स्थानीय बासिन्दा तथा नेपाली सेनाको सहभागिता रहेको थियो ।

नेपालको एकीकरणको दौरानमा फुस्रे, चिउरीबास, साँगुरीगढी, फेदी, टेकुनाला, धनकुटा, बेलहरा, उत्तरपानी, हिले, पाख्रिबासलगायतका स्थानमा पुग्न प्रयोग भएका मार्गलाई जीवन्त राख्न र आन्तरिक तथा बाह्य पर्यटकलाई जिल्लामा भित्र्याउनका लागि पैदल यात्राको सुरुवात गरिएको साँगुरीगढी गाउँपालिकाका अध्यक्ष जितेन्द्र रुम्जालीले बताए ।

# नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित मगर भाषाको साहित्यिक पत्रिका 'मिक' विमोचित

**काठमाडौं/मस-** नेपाल प्रज्ञा प्रतिष्ठान, साहित्य (मातृभाषा) विभागले आयोजना गरेको एक कार्यक्रमबीच जीवन प्रवेश रोकामगरले 'मगर खाम (भाषा) को साहित्यिक अवस्था' विषयक कार्यपत्र प्रस्तुत गरेका छन् । यसै क्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले प्रतिष्ठानकै देवकोटा सभाकक्षमा ब्यानर वाचन गरेर कार्यक्रमको उद्घाटन गरेका थिए ।




यस अवसरमा कुलपति राईले प्रतिष्ठानबाट प्रकाशित मगरभाषाको साहित्यिक पत्रिका 'मिक' को विमोचन गर्दै समावेशी ढंगबाट सम्पूर्ण भाषाभाषीको स्वामित्वबोध हुने गरी प्रज्ञा प्रतिष्ठानले काम गरिरहेको बताए ।

साथै मगरभाषाको साहित्यिक पत्रिका मिक जस्तै तामाङ,राई र गुरुङलगायतका ओझेलमा परेका विभिन्न मातृभाषाका साहित्यिक पत्रिकाहरू प्रकाशित गर्दै जाने प्रतिबद्धता व्यक्त गरेका थिए ।

यसैगरी स्वागत मनतव्यका क्रममा प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा दर्शनशास्त्र विभाग प्रमुख डा. कृष्णराज अधिकारीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै मगरभाषा-साहित्य हामी सबैको सम्पदा भएकाले यसको संरक्षण, प्रवर्द्धन र विकासमा सबै मिलेर अघि बढ्नुपर्ने बताएका थिए ।

कार्यक्रमका सभाध्यक्ष, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (मातृभाषा) विभाग प्रमुख राजन मुकारुङले मातृभाषा साहित्यको उत्थान गर्नमा प्रतिष्ठान लागि परेको बताए ।

क्रमशः सम्पूर्ण मातृभाषीको साहित्य सिर्जनालाई उच्च प्राथमिकता दिने बताउँदै धन्यवाद ज्ञापनसहित कार्यक्रमको समापन गरेका थिए ।

यस कार्यक्रममा मिक पत्रिकाको परिचय प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य डा.विष्णुकुमार सिञ्जाली मगरले गरेका थिए ।

यस कार्यक्रममा जीवनप्रवेश रोका मगरद्वारा प्रस्तुत 'मगर खाम (भाषा) को साहित्यिक अवस्था' विषयक कार्यपत्रमाथि पूरक सुझाव डा.टीपी धमला, कर्णबहादुर बुढामगर,नन्दबहादुर घर्तीमगर, सुमित्रा बुढामगर, गौबहादुर आलेमगर, गोपाल पुनमगर र गुप्तबहादुर रानामगरले राखेका थिए । यस कार्यक्रममा वाम्बुले राई भाषाका कवि एलिना वाम्बुले राई ,गुरुङ भाषाका कवि

छम गुरुङ र रानाथारू भाषाका कवि रोहित रानाथारूले आ-आफ्नो मातृभाषामा कविता वाचन गरेका थिए । यसैगरी 'मिक' का प्रधान सम्पादकमा प्राज्ञ परिषद् सदस्य डा.कृष्णराज अधिकारी, कार्यकारी सम्पादकमा प्रज्ञासभा सदस्य डा.विष्णुकुमार सिञ्जालीमगर ,सम्पादक मण्डलमा जीवनप्रवेश रोकामगर,जगबहादुर बुढामगर ,मनकुमारी ठाडामगर (मनु),हिरामती रानामगर र हेमा आलेमगर 'बोगी' तथा सल्लाहकारमा प्रा.डा. केशरजङ बरालमगर, लोकबहादुर थापामगर र कर्णबहादुर बुढामगर रहेका मिकको पहिलो अंकको विमोचन प्रज्ञा प्रतिष्ठानका कुलपति राईले गरेका थिए । कार्यक्रमको उद्घोषण तथा सहजीकरण प्राज्ञसभा सदस्य चेतनाथ धमलाले गरेका थिए ।

# अभिभावकविहीन बालबालिकासँग लायन्स क्लब र देवीदत्त गण

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २७ पुस

बर्दियाको मधुवन नगरपालिका वडा नं १ सुर्यपटुवा( पथ्थरबोझी) स्थित सरस्वती आधार भूत विद्यालयमा रहेका अभिभावक विहीन बालबालिकाहरुलाई राहत सामग्री प्रदान गरिएको छ ।

बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेना देवीदत्त गण र लायन्स क्लब नेपालगन्जले विद्यालयका प्रधानाध्यापक घनराज खत्रीलाई राहत सामग्री हस्तान्तरण गरेको हो ।

गभर्नर लायन्स मुकुट ढकाल, मधुवन नगरपालिकाका नगरप्रमुख तेज बहादुर भाट, देवीदत्त गणका गणपति हिमालय थापा, मधुवन नगरपालिकाका नगर उप-प्रमुख अनिता चौधरी, नगरपालिका वडा नं-१ का वडा सदस्य धनिराम थारु, रामचरण चौधरी, कार्यपालिका सदस्य कृष्ण परियार, लायन्स क्लब नेपालगन्जका जिल्ला सेक्रेटरी लायन्स उमा थापा लगायत बुद्धिजीवी, अभिभावक, विद्यार्थी, समाजसेवीको उपस्थितिमा राहत हस्तान्तरण गरिएको थियो ।

लायन्स क्लब नेपालगन्जका तर्फबाट १० थान म्याट बेड, १० थान सिरक, १० थान सिरानी र कपी कलम विद्यालयलाई हस्तान्तरण गरिएको थियो भने दैनिक उपभोग्य खाद्य सामग्री चामल, दाल, आलु, तेल, खुर्सानी, अदुवा, चियापत्ती, चिनी, लसुन, प्याज, नुन, धनिया मसला लगायत खाद्य सामग्री नेपाली सेना देवीदत्त गण बर्दियाले सहयोग गरेको गणपति हिमालय थापाले बताए ।

मधुवन नगरपालिकाका नगरप्रमुख तेज बहादुर भाट साँझ बिहान घण्टी हल्लाउँदैमा धर्म नहुने बताउँदै मानवीय सेवा नै सबैभन्दा ठूलो धर्म भएको बताए । उनले लायन्स क्लब नेपालगन्जलाई आभार तथा धन्यवाद व्यक्त गर्दै अभिभावक विहीन बालबालिकाहरुलाई अति आवश्यक देखिएको छात्रावास, खानेपानी र जंगली वन्यजन्तु रोक्नका लागि तारवार गर्न मधुवन नगरपालिकासँग सहकार्यका लागि लायन्स क्लब नेपालगन्जसँग अनुरोध गरे ।

राहत हस्तान्तरण कार्यक्रममा लायन्स क्लब नेपालगन्जका सभापति मख्खन धामीले यस ठाउँका बारेमा जानकारी गराइ मानवीय सेवा प्रदान गर्ने मौका जुराइदिने देवीदत्त गणका गणपति हिमालय थापालाई धन्यवाद ज्ञापन गर्दै विद्यालयका कुनै पनि बालबालिकाहरुको दाँतको समस्या भएमा लायन्स क्लबद्वारा सञ्चालित डेन्टल अस्पतालले निःशुल्क उपचार गर्ने प्रतिबद्धता जनाए । उनले आगामी दिनहरुमा यस अभिभावक विहीन बालबालिका र विद्यालयलाई समस्याको समाधान गर्न व्यक्तिगत वा लायन्स क्लबको तर्फबाट सक्दो सहयोग गर्ने बताए ।

२०७५ जेष्ठदेखि ५ जना अभिभावक विहीन बालबालिकाबाट विद्यालयमा शुरूवात गरिएको आवासगृहमा छात्रा १२ जना, छात्र २७ जना गरी ३९ जना बालबालिका रहेका छन् । आश्रय लिइरहेका बालबालिकाहरु बर्दिया, बाँके, दाङ, कैलाली र जुम्लासम्मका बालबालिका रहेको सरस्वती आधार भूत विद्यालयका प्रधानाध्यापक खत्रीले जानकारी दिए ।

## एमाले चौकुने गाउँ कमिटीमा देखिएको समस्या समाधान गर्न पूर्ण बैठक बस्ने

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २७ पुस

नेकपा एमाले चौकुने गाउँ कमिटीमा देखिएको विद्यमान समस्यालाई समाधान गर्न व्यापक रुपमा बैठक गरी समाधान गरिने भएको छ । शुक्रबार बसेको बैठकले विगतमा गठन भएका कमिटीहरुलाई विघटन गरी २०७८ सालमा प्रथम अधिवेशनबाट निर्वाचित हरिप्रसाद अधिकारीको नेतृत्वलाई मूल आधार बनाइ पार्टी गतिविधि अगाडि बढाउने निर्णय भएको छ ।

यस्तै आगामी माघ १३ गते पार्टीको पूर्ण बैठक बस्ने निर्णय समेत भएको छ । शुक्रबार बसेको सचिवालय कमिटिको बैठकले यामलाल अधिकारीको नेतृत्वको कमिटी र शंकर बहादुर कामीको नेतृत्वको कमिटीलाई हरीप्रसाद अधिकारीको कमिटीमा समायोजन गर्ने गरी पार्टी पूर्ण रुपमा, संस्थागत रुपमा सञ्चालन गर्ने निर्णय गरिएको छ ।

### माफी...

पार्टी नेतृत्वमा थिइन् । राष्ट्रपतिबाट सजाय माफ भएर निस्किएको केही समय पछि नै रेशन पार्टी अध्यक्ष भएका हुन् । चौधरीविरुद्ध सर्वोच्च अदालतमा मुद्दा बिचाराधीन छ । राष्ट्रपतिले दिएको माफी बदर भए रेशम फौजदारी अभियोगमा कैद भुक्तान गर्न कारावास जानुपर्ने हुन्छ । यस्तो व्यक्ति पार्टी नेतृत्वमा पुगेको भनी कतिपयले कानुनी प्रश्न उठाएका हुन् ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलिया पार्टीको महाधिवेशन सकिएपछि त्यसको विवरण अध्यावधिकका दागि निश्चित समयभित्र निर्वाचन आयोगमा आउनुपर्ने बताउँछन् । अध्यावधिकका लागि आउँदा पार्टी पदाधिकारीले आफू कानूनी रुपमा योग्य रहेको स्वघोषणा गर्नुपर्ने उनको भनाइ छ । त्यस्तो स्वघोषणाउपर थप अध्ययन आवश्यक भए आयोगले हेर्ने उनको भनाइ छ ।

उनी भन्छन्, 'कुनै पनि पार्टीको महाधिवेशनपछि त्यसको अध्यावधिक विवरण आयोगमा बुझाउनुपर्छ । औपचारिक रुपमा त्यस्तो विवरण प्राप्त भएपछि आशंका भए वा थप प्रष्टता आवश्यक रहेको महसुस आयोगले गरेको खण्डमा त्यस सम्बन्धमा चासो व्यक्त हुन सक्दछ ।'

### कर्मचारीको...

पठाएको थियो । यही बेला सतर्कता केन्द्रले पनि कर्मचारीको कोटामा स्वकीय सचिव र सल्लाहकार विदेश भ्रमणमा रोक लगाएको हो ।

सतर्कता केन्द्रले प्रधानमन्त्री कार्यालय, संघीय मन्त्रालयहरु र सातवटै प्रदशेका मुख्यमन्त्रीको कार्यालयलाई निर्देशन दिँदै विदेश भ्रमणसम्बन्धी निर्देशिकाअनुरुप मात्रै मन्त्रीका स्वकीय सचिव र सल्लाहकारलाई विदेश भ्रमणमा लैजाने व्यवस्था गर्न भनेको छ । २०७२ मा भएको नेपाल सरकारका अतिविशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमणसम्बन्धी निर्देशिका जारी भएको थियो ।

उक्त निर्देशिकामा कर्मचारीको कोटामा स्वकीय सचिव र सल्लाहकार विदेश भ्रमणमा लैजान नमिल्ने भनेको छ ।

'स्वकीय सचिव र सल्लाहकार हरुलाई आउने निम्तो र कोटा हुन्छ । त्यसबाहिर गएर कर्मचारीहरुको कोटा खासेर अरुलाई लैजान मिल्दैन । यस्तो नगर्न भनेका हौं' सतर्कता केन्द्रका सूचना अधिकारी हरिप्रसाद शर्माले भनेका छन् ।

उनका अनुसार अब सरकारी कोष वा सरकारलाई दातृ निकाय तथा देशबाट कार्यालयको कामसँग सम्बन्धित सरकारी कर्मचारीहरुका लागि प्राप्त विदेश भ्रमणसम्बन्धी कोटामा मन्त्री, राज्यमन्त्रीले नियुक्त गरेका सल्लाहकार, स्वकीय सचिव जान पाउने छैनन् ।

मन्त्रीका सल्लाहकार तथा स्वकीय सचिवलाई विदेश भ्रमणमा खटाउँदा कार्यक्रममा वा दातृ निकायबाट पद नै तोकी माग भएका कर्मचारीहरूको हकमा सोहीबमोजिम र अन्यको हकमा कम्तीमा अधिकृतस्तरका कर्मचारीलाई मात्र पठाउने व्यवस्था मिलाउन समेत भनिएको छ ।

### शीतल...

मिलेर बनाउन आग्रह गरेका छन् । निमुखाले न्याय पाउने गरी सुशासन कायम गर्न नेताहरुको ध्यानाकर्षण गरेका छन् । उनका अनुसार राष्ट्रपति पौडेलले त्रिभुवन विश्वविद्यालयमा उपकुलपतिमा क्षमतावान प्राज्ञ लगेर यही मौकामा विश्वविद्यालय सुधारको अभियान सुरु गर्न पनि भनेका छन् ।

संक्रमणकालीन न्याय, शिक्षा विधेयक संसदमा छलफलमा छ । निजामति विधेयक संसदमा दर्ता हुनै सकिरहेको छैन । प्रदेश सरकारहरु अधिकार नपाए आन्दोलन गर्ने चेतावनी दिइरहेका छन् । यही बेला राष्ट्रपति पौडेलले संघीयता कार्यान्वयनको विषयमा चासो राख्दै प्रमुख दलका शीर्ष नेताको ध्यानाकर्षण गरेका हुन् ।

यही पुस १४ गते मकवानपुरको हेटौंडामा सम्पन्न अन्तर प्रदेश मुख्यमन्त्री बैठकले संविधानतः प्रदेशले पाउनुपर्ने अधिकार प्रदान गर्न संघ सरकार इच्छुक नदेखिएको निष्कर्ष निकालेको थियो । त्यस आधारमा उनीहरुले नौ बुँदे साझापत्र तयार गर्दै आवश्यक परे चरणबद्ध आन्दोलनमा जाने चेतावनी दिएका थिए ।

सातै प्रदेशका मुख्यमन्त्रीहरूले संविधानको व्यवस्थाअनुसार प्रदेशको अधिकार कार्यान्वयनमा ल्याउन संघीय सरकारलाई थप दवाब दिने नीति अख्तियार गरेर अगाडि बढिरहेका बेला प्रमुख दलका शीर्ष नेताहरु आपसमा समेत बसिरहेका छन् । तर, संघीयता कार्यान्वयनका लागि महत्वपूर्ण मानिएका विधेयकहरु अगाडि बढ्न सकिरहेका छैनन् ।

मुख्यमन्त्रीहरुको बैठकले राष्ट्रिय समन्वय परिषद्, अन्तर प्रदेश मुख्यमन्त्री बैठक र मधेश प्रदेश सरकारका निर्णय कार्यान्वयनमा ढिलाइ भएको भन्दै चाँडो कार्यान्वयन गर्न संघीय सरकारलाई आग्रह गरेको थियो । साथै, तीन तहका सरकारबीच समन्वय कायम गर्न, कानून निर्माणमा सहजीकरण गर्न, अन्तर प्रदेश मुख्यमन्त्री संयन्त्र गठन गर्ने लगायतका निर्णय गरेको थियो । बैठकले गरेका निर्णय कार्यान्वयन नभए आन्दोलन गर्ने चेतावनी पनि दिइएको छ ।

अधिकार नपाएको भनी प्रदेशहरु आन्दोलनको तयारीमा रहेका बेला राष्ट्रपतिले सत्तापक्ष र प्रतिपक्षी दलका शीर्ष नेतालाई आफ्नै निवासमा बोलाएर संघीयता कार्यान्वयन गरी जनतामा आशा जगाउने काम गर्न भनेका हुन् ।


## दोर्दी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**नौथर, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

### शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०९/२८**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ घ ६ , सोहि दफाको उपदफा २ घ ११ तथा प्रदेश सरकारबाट जारि भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन संकलन, क्रसिंग तथा क्रसर उधोग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ अनुसार यस गाउँपालिकाको आ व २०८०/८१ को लागि निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्युनतम अंकमा नघट्ने गरि तपशिलमा उल्लेखित ठेक्का न अनुसार छुट्टाछुट्टै दरभाउपत्र फारम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । मिति २०८०/१०/१४ गते कार्यालय समयभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिई तोकिएको दरभाउपत्र दस्तुर ग्लोबल आइ एम ई बैंक दोर्दी शाखाको खाता न २४४०४०१०००००८ मा तिरी यस कार्यालयमा पेश गरि दरभाउपत्र खरिद गर्न सक्नेछन । मिति २०८०/१०/१४ गते मध्यान्ह १२:०० बजेभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको Website: https://dordimun.gov.np/ हेर्नुहुन वा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**ढुंगा, गिट्टी, वालुवा लगायत प्राकृतिक एबम खानिजन्य बस्तुको बिक्रि तथा निकाशी शुल्क :**

| क्र.स. | ठेक्का नं. | उत्खनन गर्ने ठाउँ | उत्खनन वा संकलन गर्न सकिने परिणाम (घन मिटरमा) | दरभाउ दस्तुर | न्युनतम कबोल अंक आ.व. २०८०/८१ को लागि | धरौटि रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | DORDI/SQ/G/05/080/081 | तार्दी तथा मर्स्याङ्दी नदी दोवन | १११८.७ | रु. १,०००/- | रु. ३,५५,६१०.७० | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| २ | DORDI/SQ/G/06/080/081 | दोर्दी तथा मर्स्याङ्दी नदी दोवन | १५१३.५७५ | रु. १,०००/- | रु. ४,८१,१३३.०० | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| ३ | DORDI/SQ/G/07/080/081 | अर्चल घाट | ४७६.७७५ | रु. १,०००/- | रु. १,५१,५५६.५० | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| ४ | DORDI/SQ/G/08/080/081 | जितौरे घाट | ४२५.४ | रु. १,०००/- | रु. १,३५,२२५.५० | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| ५ | DORDI/SQ/G/09/080/081 | शेरा घाट | ७८३.४५ | रु. १,०००/- | रु. २,४९,०४१.९० | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| ६ | DORDI/SQ/G/10/080/081 | सेर्ले घाट | १८१.८ | रु. १,०००/- | रु. ५७,७९०.३२ | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| ७ | DORDI/SQ/G/11/080/081 | ब्यारेक घाट | २१९.४२ | रु. १,०००/- | रु. ६९,७४८.९१ | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| ८ | DORDI/SQ/G/12/080/081 | क्यदुी घाट | २३२.२ | रु. १,०००/- | रु. ७३,८११.४० | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| ९ | DORDI/SQ/G/13/080/081 | हिलेघाट | ६८२.७४ | रु. १,०००/- | रु. २,१७,०२८.४० | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| १० | DORDI/SQ/G/14/080/081 | बन्सार पूल घाट | ७२०.९ | रु. १,०००/- | रु. २,२९,१५८.६० | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |

**प्रमुख प्रशासकीय अधिकृत**

# माघे संक्रान्तिमा परशुरामधाममा मेला
# देशभरका पालिका प्रमुखलाई निम्तो

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, २७ पुस

सात स्थानीय तह रहेको डडेल्धुरामा धेरै धार्मिक, ऐतिहासकि क्षेत्रहरु रहेका छन्। सुदूरपश्चिम प्रदेश भौगोलिकरुपमा जति विकट भनेर चिनिन्छ, प्राकृतिकरुपमा उत्तिकै रमणीय पनि छ। प्रकृतिको उपहारसँगै सुदूरपश्चिममा धार्मिक पर्यटनका थुप्रै आकर्षक गन्तव्यहरू छन्। ती मध्येको एक हो परशुरामधाम।

'सबै तीर्थ पटक-पटक, परशुराम एकपटक' स्कन्दपुराणको मानसखण्डमा उल्लिखित यो भनाइले नै परशुरामधामको धार्मिक महत्व दर्शाउँछ। डडेल्धुरामा रहेको यो धाम प्रदेशकै पवित्र तीर्थस्थल परशुरामधाम डडेल्धुराको परशुराम नगरपालिका-५ परिगाउँमा अवस्थित छ।

श्यामा (महाकाली) र एला (रंगुन) नदीको संगममा रहेको यस तीर्थमा भृगुवंशी महर्षि जगदग्नी र रेणुका पुत्र परशुरामले तपस्या गरेको विभिन्न पुराणहरूमा वर्णन गरिएको छ। एला र श्यामाको संगममा जगदग्नी पुत्र परशुरामको आश्रय रहेको स्कन्दपुराणमा उल्लेख गरिएको छ।

हैयेय वंशी क्षत्रीहरूले पिता जगदग्नीको हत्या गरी कामधेनु गार्य अपहरण गरेको र आततायी क्षत्रीयहरुको अत्याचार कम गर्न क्षत्रीय विनास गरेको २१ पटक पृथ्वीलाई क्षत्रीविहीन गरेपछि सरयूश्यामा नदीमा स्नान गरेको पुराणमा उल्लेख छ। महाकालको जटाबाट निस्केको



मन्दाकिनी गंगा महाकाली नदीमा स्नान गर्नाले गंगास्नानको बराबर पुण्य प्राप्त हुन्छ। त्यस्तै गंगाको तटमा अवस्थित परशुराम तीर्थमा स्नान, तर्पण गर्नाले पितृ उद्धार तथा देव लोक प्रप्त हुने पवित्र तीर्थ भनेर वर्णन गरिएको परशुराम तीर्थ महाकाली नदीको दक्षिणतर्फ अवस्थित छ।

परशुराम तीर्थमा स्नानको निकै ठूलो महत्व रहेको छ। गंगास्नानको समान पुण्य प्राप्त हुने पौराणिक मान्यता छ। त्यसमा पनि मकर स्नान अर्थात माघ स्नानको निकै ठूलो महत्व रहेको छ। स्नानसँगै पितृ कार्य, देव पूजन, यज्ञयज्ञादि विधिपूर्वक गर्ने गरिन्छ।

यज्ञादिसँगै विवाह, व्रतबन्ध आदि संस्कार र अनुष्ठान गर्ने गरिन्छ। रथ पूजनको विशेष महत्व रहेको छ। विष्णु कुण्डमा विष्णु, वामदेव, कुण्डमा शिव, परशुराम कुण्डमा परशुराम भगवानको पूजा र नदीतटमा रहेको शिवलिंगमा शिवपूजनको विशेष महत्व रहेको छ। पवित्र वामघाटमा अन्तेष्टि संस्कारको पनि उत्तिकै महत्व रहेको छ।

**प्रख्यात माघे संक्रान्तिमा मेला**

परशुरामधाममा पुस महिनाको मसान्त तथा माघे संक्रान्तिको अवसरमा मेला लाग्ने गर्छ। परशुरामधाममा रहेका चुनढुंगा भगवान् परशुरामले तपस्या गरेपश्चात होम गरेपछि बनेको भन्ने जनविश्वास रहँदै आएको छ।

पुस मसान्तको साँझ त्यहाँ पुगेर रातभरि मुडाको आगो तापेर भक्तजन जागाराम बस्ने गर्दछन्। त्यसो गर्नाले धर्म कमाइने आस्था रहेको छ। त्यसपछि माघ १ गते बिहानै ४ बजेबाट महाकाली किनारमा नुहाउने भक्तजन भीड लाग्छ। माघे संक्रान्तिको दिन गङ्गा स्नान गरेमा सम्पूर्ण पाप कट्टी हुने तथा पुण्य कमाइने विश्वास रहिआएको छ।

मेला भर्न सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्ला तथा छिमेकी राष्ट्र भारतबाट समेत तीर्थालु आउने गरेको पण्डित तिलक चटौतले जानकारी दिए।

**देशभरका मेयरलाई निम्तो**

माघिमा लाग्ने मेलाका लागि परशुराम नगरपालिकाका मेयर भरत जोशीले सुदुरपश्चिमका सांसद र देशभरका मेयरहरुलाई निम्ता गरेका छन्। मेयर जोशीले सुदूरपश्चिम प्रदेशका सांसद र पालिका प्रमुखलाई निमन्त्रणा पठाउँदै पर्वमा सहभागिताका लागि आग्रह गरेका हुन्। 'यस पर्व मनाउन सहभागी भइदिनहुनका साथै यहाँको धार्मिक, सांस्कृतिक पक्षको प्रचारप्रसार तथा संरक्षण र विकासमा योगदान गरिदिनहुन परशुराम नगरपालिकाकातर्फबाट हार्दिक निमन्त्रणा गर्दछु,' पत्रमा लेखिएको छ।

नगरपालिका, स्थानीयवासी र सुरक्षाकर्मीहरुको सहयोगमा पर्व हुने स्थानको सरसफाइलगायतका काम भएका छन्। यस्तै मेलाका लागि जापानमा बस्ने समाजसेवी विनय प्रकाश मल्लले २५ हजार रुपैयाँ सहयोग गरेका छन्। बिहीबार समाजसेवी मल्लकी आमाले विश्व हिन्दु युवा संघ डडेल्धुरा जिल्ला अध्यक्ष मोहन ऐर 'रोहन'लाई उक्त रकम हस्तान्तरण गरिन्। सहयोग गरेबापत मल्लकी आमालाई अध्यक्ष ऐरले खादा र दोसल्ला ओढाएर सम्मान व्यक्त गरे। हिन्दु युवा संघ डडेल्धुराको आयोजनामा यही पुस २९ र माघ १ गते परशुराम धाममा आध्यात्मिक प्रवचन तथा साँस्कृतिक कार्यक्रम हुने भएको छ।

# अस्थायी आवास निर्माणको पहिलो किस्ता भुक्तानी गर्ने बाँफिकोटको निर्णय

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २७ पुस

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाको कार्यपालिका बैठकले भूकम्प प्रभावितका लागि अस्थायी आवास निर्माणको पहिलो किस्ताको रकम भुक्तानी गर्ने निर्णय गरेको छ। शुक्रबार बसेको बाँफिकोट गाउँपालिकाको २७औं कार्यपालिकाको बैठकले उक्त निर्णय गरेको गाउँपालिकाका प्रवक्ता जोगबहादुर चन्दले जानकारी दिए।

यस्तै गाउँपालिकामा करार सेवाका लागि इन्जिनियरको विज्ञापन आह्वान गर्ने निर्णय भयको छ। गाउँपालिका एक वर्षदेखि इन्जिनियरविहीन थियो। त्यस्तै गाउँपालिकामा गाडी चालकको विज्ञापन आह्वान गर्ने निर्णय पनि भएको गाउँपालिकाले जनाएको छ।

कार्यपालिका बैठक गाउँपालिकाको सभा हलमा सम्पन्न भएको हो। बैठकमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतलगायत सबै सदस्यको सहभागिता रहेको थियो।

# भारतबाट जुम्ला आउँदै गरेका पिपलगाउँका मानबहादुर सम्पर्कविहीन

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २७ पुस

भारतबाट घर आउँदै गरेका मानबहादुर कामी सम्पर्कविहीन भएका छन्। चन्दननाथ नगरपालिका १० पिपल गाउँका मानबहादुर पुस ९ गते रोजगारीको सिलसिलामा भारतको कुल्लुमैनाली गएका थिए। उनी त्यहाँ पुगेलगात्तै बिरामी भएको खबर आएको मानबहादुरकी श्रीमती देउकली कामीले बताइन्। पुसको १५ गते मामाका छोरा जया कामीको मोबाइलबाट आफू बिरामी भएको र घर आउँछु भनेपछि आफूले आउनु भनेको देउकलीले बताइन्। उनी आफ्नै मामाका छोरा जया कामीसँग बस भाडा मागेर पुस १६ गते घरका लागि हिँडेका थिए। उनीसँगै पातारासी गाउँपालिका-२ पेरे गाउँका धन बहादुर नेपालीका परिवार पनि आएका थिए। उनीहरु



घर पुगेको लामो समय भइसकेको छ। देउकली कामीले भनिन्, 'मेरो श्रीमानको गाडी भाडासमेत धन बहादुरका परिवारसँग थियो। उहाँहरु आएको बस १७ गते भारतको बरेली भन्ने ठाउँमा बिग्रिएको थियो। तर बस हिँड्दा पनि उहाँ बसमा नआएको खबर पाएँ।' उनका अनुसार मानबहादुरलाई केहीबेरसम्म बसवालाले खोजेका थिए। मानबहादुरलाई नभेटपछि आफूहरु मात्रै आएको जिल्ला प्रहरी कार्यालय जुम्लाले बोलाएको छलफलमा पेरेगाउँका धन बहादुरको परिवारले बताएका थिए। मानबहादुर आन्दाजी ४७ वर्षका भएका छन्। उनी त्यसअघि भारत गएका थिएनन्। उनलाई हिन्दी भाषा बोल्न आउँदैन थियो। देउकलीले हराएका श्रीमान मानबहादुरको खोजी कार्य गरिदिन भन्दै जिल्ला प्रहरी कार्यालय जुम्ला र बौडरमा समेत आग्रह गरेकी छिन्।

मानबहादुरसँग भारतमा लाग्ने फोन नम्बर पनि नभएको देउकलीले बताइन्। अहिलेसम्म पनि सम्पर्कमा नआउँदा चिन्ता बढेको भन्दै श्रीमानको खोजी कार्यका लागी सहयोग गरिदिन उनले सञ्चारकर्मीहरुसँग पनि आग्रह गरेकी छिन्। उनले श्रीमानलाई भेटाउनेलाई आफ्नो सम्पर्क नम्बर ९८६८०३६०६१ मा खबर गरी सहयोग गर्न अनुरोध गरेकी छिन्।

# गुल्मीदरबार गाउँपालिकाको १४औं अधिवेशनमा विभिन्न विधेयक प्रस्तुत




**सरु भुसाल/मध्यान्ह**
गुल्मी, २७ पुस

गुल्मीको गुल्मीदरबार गाउँपालिकाको गाउँ सभाको १४औं अधिवेशन शुरु भएको छ। बिहीबारदेखि गाउँपालिकाको सभाहलमा १४औं अधिवेशन शुरु भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजिव पन्थीले जानकारी दिए।

गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष तथा गाउँसभाका अध्यक्ष सरोजकुमार थापाले अधिवेशन शुभारम्भ भएको घोषणा गरेका थिए। त्यसलगत्तै गाउँ सभा सदस्य मुकेश थापाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी विधेयक २०८० सभामा पेश गरे। उक्त विधेयकमा १५ दिनसम्म गाउँ सभा सदस्यहरुले राय सुझाव तथा संशोधनसम्बन्धी प्रस्ताव पेश गर्न सक्ने प्रमुख प्रशासकीय अधिकृत पन्थीले बताए।

अधिकृत पन्थीले चालु आर्थिक वर्ष २०८०/०८१ को हालसम्म भएको वित्तीय प्रगति प्रस्तुत गरेका थिए। उनले गाउँपालिकाको कुल बजेट ४६ करोड ५५ लाख ४८ हजार रुपैयाँ भएकोमा आम्दानी १४ करोड ७२ लाख ५२ हजार रुपैयाँ भएको जानकारी दिए। उनले हालसम्म ८ करोड ८२ लाख १६ हजार रुपैयाँ खर्च भएको सभामा जानकारी दिए। जून खर्च कुल बजेटको १८.९४ प्रतिशत हो।

गाउँपालिका अध्यक्ष थापाले चालु आर्थिक वर्षको हालसम्म गाउँपालिकाले गरेका मुख्य उपलब्धिहरु सभामा प्रस्तुत गरेका थिए।

# रौतहटको चन्द्रपुरमा हात्ती आतंक

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ पुस

रौतहटको चन्द्रपुर नगरपालिका वाड नं. ३ गैडाटारमा हात्तीको आतंकबाट स्थानीय त्रसित भएका छन्। शुक्रबार बिहान आएको दुई वटा हात्तीले स्थानीयका घरमा राखिएको भकारीको धान नष्ट गरेको छ। चन्द्रपुर नगरपालिका-३ गैडाटार निवासी चित्रबहादुर भोलन र जगत बहादुर राईको घरमा जंगली हात्ती प्रवेश गरी घर भत्काउनुको साथै धानको भकारी भत्काइदिएको हो।

हात्तीले सोही गाउँमा १२ कठ्ठामा लगाइएको केरा खेती माडेर क्षति गरेको स्थानीय समाजसेवी राजु धामीले जानकारी दिए। उनका अनुसार हात्ती शुक्रबार बिहान जंगल र नजिकको बस्तीमा



देखिएको थियो।

गाँउ नजिकै रातिको समयमा हात्ती देखा पर्न थालेपछि वरपरका बासिन्दा रातभर त्रासमा बस्ने गरेका छन्। रातैभर हात्तीको उपद्रोका कारण सुत्न समेत नपाएको गाँउलेहरुको गुनासो छ। प्रायः दिनँहु हात्तीले दुःख दिँदा र बाली नष्ट गर्दा पनि सम्बन्धित निकायले नियन्त्रणमा चासो नदिएको स्थानीयको आरोप छ।

हात्तीकै आक्रमणबाट एक वर्षभित्र दुई जना महिलाको ज्यान गइसकेको छ। जंगली हात्तीले रौतहटमा वर्षेनी क्षति गर्दै आएको छ। जंगली हात्ती हिँड्ने सम्भावित बाटोमा यात्रा गर्दा सावधानी अपनाउन डिभिजन वन कार्यालय रौतहटले पनि आग्रह गरेको छ।

*दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री*

**चुमनुब्री गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिर्दिबास, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८०/०९/२८)**

यस कार्यालयको मिति २०८०/०९/०८ गते सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा आव्हान गरिएको तपशिल बमोजिमको ठेक्का सूचनामा उल्लेखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको साथै सम्बन्धित सबैलाई जानकारीको लागि आजका मितिदेखि यो सात दिने सूचना प्रकाशित गरिएको छ साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्धारा जानकारी गराईएको छ।

**तपशिल :**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | CNRM/GOODS /SQ/01/080/81 | The procurement of supply of medicines | Rupsha Medisales Pvt. Ltd, kathmandu | 24,16,070.0 |

**प्रमुख प्रशासकीय अधिकृत**


## CYPRUS मा रोजगार

कम्पनी: E.T. TRUST EMPLOYMENT
शहर: Limassol

पूर्व स्वीकृत मितिः २०८०/०५/२५ | चलानी नं.: ६०२०७९०० | L.T. No.: 292312 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 3 | स. काममा दक्ष | 314 | ४५,७०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ ६ गते (20 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**CROWN OVERSEAS**
**CONSULTANCY PVT. LTD.**
Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

## Kuwait मा बैदेशिक रोजगारको अवसर

**Company: Al Manar United Restaurant Company W.L.L.**

पुन विज्ञापन। पुर्व स्वीकृती मितिः २०८०/०१/०८ | चलानी नं. ६०२००५६८ | LT. NO. 285155

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Helper | 02 | 00 | काममा दक्ष | 120 | ५१,८३६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Sales Man | 10 | 00 | काममा दक्ष | 140 | ६०,४७५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निशुल्क |

**अन्तरवार्ता २०८० माघ ६ गते (20 Jan., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521,
Mob: 9851048235, 9851042984, 9860111396
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

## मलेसियामा रोजगार

कम्पनी: TN ENGINEERING SDN. BHD.
शहर: TAMAN

पूर्व स्वीकृत मितिः २०७९/०५/१३ | चलानी नं.: ६०१८६३१४ | LT. No.: 270356 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 26 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ ६ गते (20 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**NICE OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5435529, 5423629,, 9851193062
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np



पुस्तक समीक्षा

# पृथ्वीनारायण शाह बुझाउने पुस्तक



■ श्याम रिमाल


कुनै कालखण्डमा कुनै व्यक्तित्वप्रति राखिएको दृष्टिकोण सधैँ एउटै हुँदैन । नेपाली इतिहासका ऐतिहासिक व्यक्तित्वहरूको पुनर्मूल्यांकन हुनुपर्छ भन्नेमा बिद्वानहरूले मत जाहेर गरिरहेका छन् । पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, बिपी कोइराला, महेन्द्र शाहलगायत व्यक्तिमाथि कुनै समय राखिएको विचार समयका दौरानमा परिवर्तन हुँदै, थोरै मात्र आलोच्य हुँदै गइरहेको पढ्न पाइन्छ । हरेक वर्ष खासगरी पुस २७ का वरिपरि उनका पक्ष तथा विपक्षमा पत्रपत्रिकामा लेखरचनाको जुहारी चल्ने तथा अन्तर्क्रिया-बहस हुने गरेको छ । राणाकालमा नाम नै उच्चारण नै गर्न नहुने भनिएका पृथ्वीनारायणलाई पञ्चायतकालभरी नेपाल एकीकरणकर्ता र राष्ट्रिय एकताका प्रतीकका रूपमा मानिरहेका अवस्थामा पछिल्लो समय खासगरी माओवादी सशस्त्र द्वन्द्वकाल र त्यसयता जातीय राज्यको मागसँगै उनलाई विस्तारवादी, राज्य केन्द्रीयतावादी र क्रूरताका नायक मान्नेहरू पनि जन्मँदै गरेको अवस्था छ ।

उनको जन्मदिनमा बिदा दिने-नदिने, राज्यस्तरबाट सभासमारोह गर्ने-नगर्ने चलन पनि चल्दै हाल सरकारी तवरबाट सार्वजनिक बिदा दिने निर्णय पनि हुन थालेको स्थिति छ । पृथ्वीनारायणको आलोचना नेपाली व्यापक राष्ट्रिय एकता वृद्धि गर्ने सोचाइबाट नै आएको छ भने त्यसलाई मान्नु बेस हुनेछ । "देवत्वकरण इतिहास लेखनको मर्म र धर्म विपरीत पक्ष हो । ढाकछोप गरिएका सत्यलाई उजागर गर्ने समय आयो", लेखकले भूमिकामा लेखेर प्रस्तुत कृति लेखनको आफ्नो अभीष्ट स्पष्ट पारेका छन्, जुन स्वाभाविक पनि हो ।

साहित्यकार-पत्रकार हुँदै प्रवास बसाइका क्रममा इतिहास अनुसन्धाताको परिचय बनाएका राजकुमार दिक्पालले 'जङ्गबहादुरको युग : ऐतिहासिक अध्ययन' (साङ्गिला पुस्तक प्रा. लि., २०७९) र तामाङलगायत अन्य सीमान्तकृतहरूले गरेको विद्रोह समेटिएको 'आदिवासी विद्रोहको इतिहास' (मञ्जरी पब्लिकेशन, २०७९-किरात एकेडेमी पुरस्कार प्राप्त), 'मगर इतिहास' (मनोज घर्तीसँग संयुक्त) र हाल 'पृथ्वीनारायण शाह : आलोचनात्मक इतिहास' (मञ्जरी पब्लिकेशन, २०८०) प्रकाशनसँगै बेलाबखत पत्रपत्रिकामा नेपाली इतिहासका विविध पक्षलाई उधिन्दै पनि आएका छन् ।

धनकुटादेखि राजधानीको बसाइ हुँदै हाल प्रवासमा रहेका लेखकले आफ्नो सीमित समयमा पनि इतिहासजस्तो प्रामाणिकता खोज्ने विषयमाथि सदैव घोत्लिएर कृतिहरू प्रकाशन गर्दै जानु सराहनीय छ र गहन विषय समातिएको उनको पछिल्लो कृति उनको अनुसन्धानको भोकबाट सिर्जना गरिएकाले पठनीय नै हुनसक्छ ।

बाइस अध्यायमा लिखित समीक्षा कृतिमा पृथ्वीनारायणको मूल कार्यमा आलोचना गर्ने वा उनलाई विस्तारवादी-केन्द्रवादी भन्नेतिर नगई उनले बाल्यावस्था, युवराज काल र राजा भएपछि एकीकरणलगायत विभिन्न व्यवहारका क्रममा नकारात्मक काम, अमानवीयता र क्रूरताका पक्ष तथा केही जनमानसमा फैलन नसकेका घटना, व्यापारिक काम आदिबारे उधिन्ने प्रयास गरिएको छ । पृथ्वीनारायणको जन्म नै भूटानी लामा लोपाबाट भएको बौद्धपूजा र तान्त्रिक अनुष्ठानबाट भएको रोचक विवरण उल्लेख गर्दै गोरखा फौजलाई भोटका फौजले घेरिरहेका बखत भोटसँग सन्धि गरिदिएबापत उनी र अन्य लामालाई ताम्रपत्र जारी गरेर गुम्बा दान गरेको जनाइएको छ । उनले जनताका बारीका उखुबारीमा उखु चोर्नेदेखि लिएर अर्काको गहना र हात्तीमाथि आँखा गाडेका घटना तथा बेलाबखत भाइभारदार र शत्रु राज्यका मानिसहरूलाई कुनै न कुनै दोष देखाएर कटाउने-मराउने कुरामा आदेश दिएको भनी लेखकले जिकिर गरेका छन् । राजा हुनेबित्तिकै बनारस गई हातहतियारसहित फर्कंदा सीमा भन्सारमा जाँचका क्रममा त्यहाँका कर्मचारीलाई कटाएको र आफ्नो ज्यान जोगाउन नै मुस्किल परेको, कीर्तिपुर युद्धमा पनि आफ्नै हठले युद्ध गर्न पुग्दा आफैँ झन्डै मारिएकोजस्ता घटना पनि उनीसँग सम्बन्धित छन् । उनका मकवानपुर र गोरखपुरका गरी दुई रानी इतिहासमा सर्वत्र लेखिए पनि भक्तपुर बसाइका क्रममा एक नेवार कन्या पनि प्राप्त गरेको कुरा चाहिँ धेरैलाई थाहा नहोला, जुन यस कृतिमा उल्लेख गरिएको छ ।




> पृथ्वीनारायणको जन्म नै भूटानी लामा लोपाबाट भएको, बौद्धपूजा र तान्त्रिक अनुष्ठानबाट भएको रोचक विवरण उल्लेख गर्दै गोरखा फौजलाई भोटका फौजले घेरिरहेका बखत भोटसँग सन्धि गरिदिएबापत उनी र अन्य लामालाई ताम्रपत्र जारी गरेर गुम्बा दान गरेको जनाइएको छ । उनले जनताका बारीका उखुबारीमा उखु चोर्नेदेखि लिएर अर्काको गहना र हात्तीमाथि आँखा गाडेका घटना तथा बेलाबखत भाइभारदार र शत्रु राज्यका मानिसहरूलाई कुनै न कुनै दोष देखाएर कटाउने-मराउने कुरामा आदेश दिएको भनी लेखकले जिकिर गरेका छन् ।

नुवाकोटबाट लखेटिएर कान्तिपुरका उमराव बनेका जयन्त रानालाई बेलकोट विजयपछि छाला काढेर मारिएको, तनहुँका राजा त्रिविक्रमले डोलीमा बोकिएर गएकी आफ्नी बिरामी रानीमाथि नजर लगाएको आरोपमा उनलाई पनि पक्राउ गरेको पनि उल्लेख छ जुन अन्यत्र पनि आएकै कुरा हो । भादगाउँ विजयपछि राजा तथा मितबा रणजित मल्ल र भागेर त्यहाँ पुगेका जयप्रकाश मल्लका हकमा सम्मान नै गरेका पृथ्वीनारायणले त्यहीँ शरण लिन आएका अर्का राजा तेजनरसिंह मल्ललाई भने कोर्रा हान्न लगाएको प्रसङ्ग पनि यहाँ आएको छ । कीर्तिपुरमा लडाइँ गर्ने परिस्थिति नभएको भनी काजी कालु पाँडेले सल्लाह दिँदादिँदै पनि आक्रमण गर्दा पाँडेको निधन राजहठले भएको कृतिमा स्पष्ट गरिएको छ । बन्दुकका बलमा निर्दोषको नरसंहार, तिमालकोटको युद्धमा छलकपट, कीर्तिपुरेको नाक-कान कटाइ, कमारा-कमारी राख्न दिने चलन, नगरकोटीको संहार र माझकिरातमा अत्याचार जस्ता आलोचनात्मक पक्षको पनि चर्चा गरिएको छ ।

कृतिका सबै अध्यायमा पृथ्वीनारायणको मात्र नभएर भाइ, भारदार, छोरा, नातिहरूका नकारात्मक पक्षमाथि पनि कलम चलाएर यसलाई सामान्य विस्तार गर्ने प्रयास भएको छ । भूटानसँगको सम्बन्ध र 'दिव्योपदेश' को उत्पत्तिबारे कृतिमा चर्चा गरिए पनि त्यसमा खासै आलोचना गरिएको छैन ।

पृथ्वीनारायणले एकीकरणको अभियान चलाएर नेपालको सिमाना विस्तार गरेको वा पुनःस्थापना गरेको कुरा प्रायः सबै कृतिमा पाइने भए पनि प्रस्तुत कृतिमा त्यस कर्मलाई गोरखा 'राज्य विस्तारको योजना' भनी प्रसङ्गवश कतै कतै मत बुझाइएको छ ।

लेखक दिक्पालले यी सबै लेखनमा बाबुराम आचार्य, नयराज-महेशराज-दिनेशराज पन्त, धनबज्र बज्राचार्य, योगी नरहरिनाथ, डा राजेश गौतम, मोहनप्रसाद खनाल, चित्तरञ्जन नेपाली, सूर्यविक्रम ज्ञवाली, इमानसिंह चेम्जोङजस्ता इतिहासकार, विद्वान् एवम् लेखकका कृति तथा लेखरचनाबाट उद्धृत गर्दै आफ्नो विश्लेषण पनि दिएका छन् ।

कृतिमा तथ्यतथ्यांक र वाक्यमा निकै पुनरुक्ति छन् । पत्रकारको पनि परिचय बनाएका युवा लेखक दिक्पालले एकै विषयमा ठाउँठाउँमा दोहोऱ्याई तेहऱ्याई लेख्दा पाठकलाई झिँजो लाग्नु स्वाभाविक छ । सामान्य वाक्य संरचना र वर्णविन्यासमा त्रुटि छन् । कोलम्बसले अमेरिका पत्ता लगाएको सन् १४९२ हुनुपर्नेमा १५४९ भएको छ ।

प्रस्तुत कृतिमा लेखकले पीडितका पक्षलाई पनि अध्ययनअनुसन्धानबाट उजागर गर्ने प्रयास गरेका छन् । यसमा प्राप्त तथ्यतथ्यांकमा विश्लेषण गरी आफ्नो धेरथोर राय दिनेसम्मको काम भएको छ । यसर्थ प्रस्तुत कृतिलाई मौलिक मान्न नसकिए पनि राष्ट्रिय विभूतिको आलोचनात्मक पक्षलाई पनि उजागर गरिदिएर लेखकले इतिहासका विद्यार्थी र पाठकहरूलाई गुन लगाएका छन् । साहित्यकार-इतिहासकार वैरागी काइँलालाई समर्पण गरिएको कृतिमा प्रस्तुत गरिएका उनका कमीकमजोरीले उनको राष्ट्रनिर्माताको छवि भने धुमिल नहुने स्पष्ट छ ।

## गजल



मेघनाथ भट्टराई

हथियारको व्यापार हुन्छ अर्बौंको कारोबार
अबोध बाल बालिकाको हातमा बेखबर ॥

बनाउने कोही सजाय सधैं निर्दोष बारम्बार
हथियारको व्यापार कसले गर्छ कारोबार ॥

अफ्रिका, अरब, एशिया अशान्त सधैं निरन्तर
प्राकृतिक खानी लुटेर मूल्य तोक्ने कारोबार ॥

सुडानको सुनखानी जनताको बेहाल बराबर
अफगानी यूरेनियम अमेरिकाको लुटको भन्डार ॥

यूरोपले सदियौं लुट्यो अमेरिका भयो तयार
धर्मको नाममा लडायो जातीको भयो नरसंहार ॥

टुटफुटको जालो भत्काउन उठ मानव भइ तयार
मानवीय रगत मूल्यको गर्न दिनु हुँदैन कारोबार ॥

## तीन मुक्तक



गणेश लोहनी

१.
आफै बुझाउँदै भन्छन् हाक्काहाकी दाम चोऱ्यो
लोकाचार त्यागि गुफा पस्छन् भन्छन् घाम चोऱ्यो
सत्कर्मले अरूको मन जित्न दिँदैन यो आडम्बर
मित्थ्यारोपमा उत्रन्छन् रहिम चोऱ्यो, राम चोऱ्यो ॥

२.
न निहुं न न्याय खोज्छन् झुकि झुकि जिउनेहरू
विन्दास जिन्दगीका थाङ्ना फुकी फुकी सिउनेहरू
जुन गोरुको सिङ छैन हो उसैको नाम तिखे कठै
आदर्शका गुड्डि हाँक्छन् लुकि लुकि पिउनेहरू ॥

३.
उठ साथी भालेको त्यो डाँकोसँगै उठ
अरनीको मीठो अन्तिम फाँकोसँगै उठ
देश लुट्नेहरूलाई कालापानी कटाउन
हात हातमा मशालको राँकोसँगै उठ ॥

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | व्यापारिक कार्यमा प्रगति हुनेछ । प्रभाव बढ्नेछ । |
| वृष | : | पारिवारिक सहयोग राम्रो रहनेछ । जोखिम भएको कार्य गर्नु हुँदैन । |
| मिथुन | : | सभा समारोहमा सहभागी हुनुपर्ने छ । नयाँ सम्बन्ध बन्ने योग छ । |
| कर्कट | : | भाइ-बहिनीको सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्चको योग छ । |
| सिंह | : | बाहन चलाउँदा सावधानी राख्नुपर्छ । स्वास्थ्य लाभ हुनेछ । |
| कन्या | : | घरेलु कार्यमा अनावश्यक खर्च हुनेछ । पुरानो कार्य बन्ने योग छ । |
| तुला | : | जिद्दि स्वभावले समस्या बनाउन सक्छ । अशान्तिको कारण तनाव हुनेछ । |
| वृश्चिक | : | लामो यात्राको योग छ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| धनु | : | नौलो मित्र बन्नेछन् । मनोबल उच्च रहनेछ । |
| मकर | : | यात्रा सफल हुनेछ । सभा समारोहमा सहभागी हुनुपर्ने योग छ । |
| कुम्भ | : | स्थान परिवर्तन हुने योग छ । शत्रु परास्त हुनेछन् । |
| मीन | : | अनावश्यक कार्यमा समय नष्ट हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बुद्धिमानले लगाएको बुद्धि...

लघुकथा



■ ओम बस्नेत

> बुद्धिमानको महान बुद्धिको खेला शुरू भयो । इसलामपुरे लेबरहरुलाई आदेश दियो । रातभरि खोलाबाट पानी बोकेर गाउँको सिरानमा बनाको टैंकी भर्नुपर्ने भयो । राति आफैं लागेर चिया खाजा खिलायो बिहानसम्ममा टैंकी भऱ्यो । विभागीय दल आए । टैंकीको भल्व खोल्यो पानी पास भयो । घर-घरमा पानी पुग्यो ।

बुद्धिमान गाउँको सरदार हो । उसको कामको क्वालिटी जस्तोसुकै भएता पनि गाउँको प्रायः काम उसैले पाउँथ्यो । पहिले-पहिले हात मलेर पाउँथ्यो भने अहिले हात-पात गरेर भए पनि पाउँछ । पढाई मैट्रिक फेल हो, तर कुन्नी कसरी फेल भयो मान्छे सानैदेखि चतुर हो ।

'सुखालाखा' गाउँको समस्या भनेको पानीको हो । हिउँदोको तीन महिनाभित्र त्यस गाउँमा बिहे बटुलो हुँदा र मरौ-परौ पर्दा गाउँभरीका युवा युवतीले समाज सेवाको नाममा त्यस घरको लागि खोलाबाट पानी बोकेर सिंटेक्स भरी दिनु पर्थ्यो ।

त्यस ठाउँमा पनि हर पाँच वर्षमा चुनाव त हुन्थ्यो नै । तर, त्यहाँको चुनाव भनेको एक प्रकारको दशा नै बराबर थियो । चाहे स्थानीय पञ्चायतको होस् या विधान सभाको । पानी दिन्छु भनेर चुनाव जित्नेहरू पलायन भएको घटना नयाँ होइन । जसले जिते पनि पाँच वर्षमा कमाएको पैसाले पानी भएको गाउँमा जमीन किनेर सेटल भए ।

त्यस ठाउँमा सुखा खेती हुन्छ आकाशको पानीको भरमा । पानी छैन र पानी नहुँदा कस्तो कस्तो समस्या हुन्छ भन्ने कुरा त्यस गाउँबासीलाई मात्र थाहा थियो । गाउँमा पानीको विषयमा मिटिङ्ग छ भनेर कसैले भन्यो भने त्यो वाक्य नै गाली लाग्ने गर्थ्यो ।

देशव्यापी परियोजना जल जीवन मिशनको सर्वे भयो सुखालाखामा पनि । बर्खामा 'मुसे खोल्सा'को पानीले टूम टूम गर्दै चलाउँदा पुग्थ्यो पनि । तर हिउँदोमा स्याप्प हुन्थ्यो । त्यसैलाई महन घोषित गरेर डीपीआर तयार भयो ।

बुद्धिमानले धेरै बुद्धि लगाएर पाइप बिछ्याउने काम गऱ्यो । आरसीसी टैंकी पनि बनायो तर, बर्खामा शुरू गरेको काम सक्दा नसक्दा हिउँदो लागि त हाल्यो । मार्च महिनाभन्दा अघि पेमेन्ट पाउनु पर्ने हुँदा उसको होम वर्क बढ्यो ।

विभागीय दल निरीक्षणमा आउने भए । स्थानीय पञ्चायत र गाउँका टाठा बाठा सँग-सँगै परसेंटेज खाने होनहार युवाहरू पनि आउने भए । पानी गाउँमा आउने दिनको घोषणा भयो । सबै खुशी थिए ।

बुद्धिमानको महान् बुद्धिको खेला शुरू भयो । इसलामपुरे लेबरहरुलाई आदेश दियो । रातभरी खोलाबाट पानी बोकेर गाउँको सिरानमा बनाको टैंकी भर्नुपर्ने भयो । राती आफै लागेर चिया खाजा खिलायो बिहानसम्ममा टैंकी भऱ्यो ।

विभागीय दल आए । टैंकीको भल्व खोल्यो पानी पास भयो । घर-घरमा पानी पुग्यो । बुद्धिमानले गाउँबासीलाई भन्यो-दिनमा एक घण्टा पानी आउँछ फारो गरेर चलाउनु । निरीक्षण कार्यक्रम सक्यो । ताली बजाए सबैले । भोलि पल्ट चेक थाप्यो एकाउण्टमा जम्मा गऱ्यो । इस्लामपुरेलाई बिदा गऱ्यो । उ पनि आराम गर्न मधेसतिर झऱ्यो ।

तीन दिन पछि फोन आयो । पानी आउनु छोड्यो भनेर विभागीय दलको, पञ्चायतको अनि युवाहरुको । उसले के-के गरेर बिल पास गरेको थियो कुन्नी सबै चुप भएछन् ।

केही दिनपछि सत्तारूढ पार्टीको मास जोइनिङ्गमा उसको भव्य स्वागत भएको फोटो फेसबुकमा आयो । हेर्नुस त बुद्धिमानले कस्तो बुद्धि लायो ?

# चीन र रुसबीचको व्यापारमा वृद्धि



**काठमाडौं/एजेन्सी–** चीन र रुसबीचको व्यापार सन् २०२३ मा उच्च बिन्दुमा पुगेको बेइजिङको आधिकारिक तथ्यांकले शुक्रबार देखाएको छ । भूराजनीतिक तनावका कारण चीनको संयुक्त राज्य अमेरिकासँगको व्यापारमा चार वर्षमा पहिलो पटक गिरावट आएको छ । चीन र रुसबीचको व्यापार २४० अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको चिनियाँ भन्सार विभागको तथ्यांकले देखाएको छ । सन् २०२२ मा मस्कोले युक्रेनमाथि गरेको आक्रमणपछि राजनीतिक र आर्थिक रुपमा नजिकिएका यी दुई मुलुकका लागि यो आँकडा ऐतिहासिक हो । तथ्यांकअनुसार व्यापारको आँकडाले वार्षिक रुपमा २६.३ प्रतिशतको वृद्धिलाई प्रतिनिधित्व गर्दछ । चीनले युक्रेन युद्धबारे मस्कोको आक्रमणको आलोचना गर्न अस्वीकार गरेको छ । चीनले आफू तटस्थ रहेको दाबी गर्दै आएको युक्रेन युद्धबारेको चिनियाँ अडानलाई लिएर बेइजिङले पश्चिमा देशहरुबाट आलोचना खेप्दै आएको छ ।

सन् २०१९ पछि पहिलो पटक अमेरिका र चीनबीचको व्यापारमा गिरावट आएको छ। सन् २०२२ को तुलनामा गत वर्ष अमेरिकासँगको व्यापार ११.६ प्रतिशतले घटेर ६६४ अर्ब अमेरिकी डलर पुगेको थियो। सामान्य भन्सार प्रशासनका उपमन्त्री वाङ लिङ्जुनले पत्रकार सम्मेलनमा बोल्दै सन् २०२४ मा नेपालको व्यापारमा थप अवरोध आउने बताए। 'बाह्य वातावरणको जटिलता, गम्भीरता र अनिश्चितता बढ्दो छ, र हामीले कठिनाइहरु पार गर्न र विदेशी व्यापारको वृद्धिलाई थप बढावा दिन थप प्रयास गर्न आवश्यक छ,' उनले भने ।

सन् २०१६ पछि चीनको निर्यात ४.६ प्रतिशतले घटेको छ भने आयात ५.५ प्रतिशतले घटेको छ । शुक्रबार पनि घरेलु मोर्चामा निराशाजनक आर्थिक आँकडाहरु देखा परेका छन् । राष्ट्रिय तथ्यांक ब्यूरो (एनबीएस)को तथ्यांकले चीनमा गिरावट डिसेम्बरमा लगातार तेस्रो महिना जारी रहेको देखाउँछ ।

उपभोक्ता मूल्य सूचकांक (सीपीआई)मा अघिल्लो बर्षको अन्तिम तीन महिनाको तुलनामा ०.३ प्रतिशतले कमी आएको छ । गत बर्षको जुलाईमा चीन सन् २०२१ पछि पहिलो पटक मुद्रास्फीतिको समस्यामा फसेको थियो तर यसमा अगस्ट देखि नै सुधार देखिएको सेप्टेम्बरदेखि नै मूल्यमा निरन्तर गिरावट आएको छ । ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरुले नोभेम्बरमा ०.५ प्रतिशतले घटेको मुद्रास्फीतिमा गत महिना ०.४ प्रतिशतले गिरावट आउने अनुमान गरेका थिए । अपस्फीतिले वस्तुहरु सस्ता थिए भन्ने सुझाव दिन्छ र बृहत् अर्थव्यवस्थाको लागि खतरा उत्पन्न गर्दछ किनकि उपभोक्ताहरु थप कटौतीको आशामा खरीद स्थगित गर्छन् ।

मागको कमीले कम्पनीहरुलाई उत्पादन कटौती गर्न, रोजगारी भर्ना रोक्न वा कामदारहरुलाई हटाउन बाध्य पार्न सक्छ । यसका कारण लागतहरु समान हुँदाहुँदै पनि लाभप्रदतालाई कम गर्न विद्यमान स्टकहरुमा छुट दिन पनि बाध्य हुन सक्छ। तुलनात्मक रुपमा हेर्दा डिसेम्बरमा अमेरिकामा मुद्रास्फीति ३.४ प्रतिशत रहेको छ। सन् २०२३ मा चीनमा मुद्रास्फीति औसतमा ०.२ प्रतिशतले बढेको छ । अन्य प्रमुख अर्थव्यवस्थाहरुको तुलनामा चीनमा फेरि एक पटक मूल्य वृद्धि भएको छ । एनबीएसका अनुसार उत्पादकको मूल्यमा २.७ प्रतिशतले गिरावट आएको छ, जुन लगातार १५ औं महिना हो ।

## छाँयानाथ रारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गमगढी, मुगु

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८०/०९/२८)**

यस छायाँनाथ रारा नगरपालिकाको कार्यालय, गमगढी, मुगु बाट मिति : २०८०।०८।२१ गते प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको कार्यको लागि विद्युतीय खरिद माध्यमबाट बोलपत्र आह्वान भएको सूचना बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Description of Work | Contact identification No | Bidder Selected | Bid Price (Including Vat ) |
|---|---|---|---|---|
| 1 | Procurement, Supply and Delivery of Medicine and Medical Instrument | CRM/NCB/G/1/2080-081 | Rara Medicine And Surgical Distributors Pvt. Ltd, Birendranagar-6, Airichock Surkhet. | 1106091.46 |
| 2 | Procurement, Supply and Delivery of Sanitary Pad. | CRM/NCB/G/2/2080-081 | Birat Healthcare Industries Pvt. Ltd., Budiganga - 2, Tankisinuwari, Morang, Nepal | 542980.10 |

## Bhojpur Municipality
## Office of Municipal Executive
### Bhojpur

### Invitation for Bids

**First Date of Publication: 2080/09/27**

Bhojpur Municipality, Office of Municipal Executive, Bhojpur invites electronic bids from Nepalese eligible bidders for the Procurement of Bhojpur Nagarpalika Shava Hall Babsthapan & Phalphul Tatha Shital Bhandar (Cold Store) Nirman under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of work | Bid Document Fee NRS | Bid security amount NRS | Last Date of Bid Submission | Bid validity period | Bidding Process |
|---|---|---|---|---|---|---|---|
| 1 | Bhjmun/Goods/ NCB/05/2080/81 | Procurement of Phalphul Tatha Shital Bhandar (Cold Store) Nirman | 3,000.00 | 2,07,000.00 | 12:00 hrs on 2080/10/04 | 90 days | Only E-Bid |
| 2 | Bhjmun/Goods/ NCB/06/2080/81 | Procurement of Bhojpur Nagarpalika Shava Hall Babsthapan | 3,000.00 | 2,27,000.00 | 12:00 hrs on 11-02-2024 | 90 days | Only E-Bid |

A complete set of Bidding Documents may be downloaded from PPMO's website by eligible Bidders and must be submitted Electronically through www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank : Rastriya Banijya Bank**
**Name of Office : Bhojpur Municipality, Office of Municipal Executive**
**Office Account no : 2040100301010002**

**Information to deposit the bid security in Bank:**

**Bank Name : Rastriya Banijya Bank**
**Bank Address : Bhojpur, Nepal**
**Account Number : 2040100303000002**

If the last date of purchasing and /or submission falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. The Municipality office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever. Matters not covered by this notice shall be in accordance with Bid document, public procurement act and regulation (Latest amendment).

**Note: Above mentioned** Procurement of Phalphul Tatha Shital Bhandar (Cold Store) Nirman and Procurement of Bhojpur Nagarpalika Shava Hall Babsthapan has to be published on (2080/09/27) but due to some technical error above bids is published on (2080/09/28) so we would like to apologies for this serious error and the above bid will be conducted as above mentioned notice.

**Chief Administrative Officer**
**Bhojpur Municipality**

हार्दिक बधाई तथा शुभकामना

नेपाल आयल निगम लि.
Nepal Oil Corporation Limited
ठेगाना: टेकु, काठमाडौं

सफलतापूर्वक ५३ औं वर्ष पुरा गरी ५४ औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

५४ औं वर्षमा प्रवेश

Saurya Airlines
You are in good hands...
कुबेर एयर
Babu Ram Acharya Marg, Sinamangal - 9
Kathmandu, Nepal
Tel: 4116608 / 4116609
Reservation: 4116626
Web: www.sauryaairlines.com

साउदीमा रोजगार | कम्पनी : SRACO HUMAN RESOURCES COMPANY
शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७९/१२/२७ चलानी नं.: ६०१९९७९३ L.T. No.: 284383 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Product Sorting Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AFFAQ CLEANING AND MAINTENANCE ESTABLISHMENT शहर: Saudi Arabia

पूर्व स्वीकृत मिति: २०८०/०२/१८ चलानी नं.: ६०२०२४१० L.T. No.: 287063 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ६ गते (20 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२

साउदीमा रोजगार | कम्पनी : BRANCH OF HYUNDAI ENGINEERING COMPANY LIMITED
शहर : Saudi Arabia

पुर्व स्वीकृत मिति: २०८०/०६/२१ चलानी नं.: ६०२०८८६२ L.T. No.: 293806 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ६ गते (20 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Asiapower Recruitment Consultants Pvt. Ltd.
Budhanilkantha-09, Kathmandu, Nepal.
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowerjobnepal@gmail.com
Govt Lic No. 1198/073/074

मलेसियामा रोजगार | कम्पनी : SIN WEE SENG INDUSTRIES SDN.BHD.
City : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७९/०३/२७ चलानी नं.: ६०१८३१११ L.T. No.: 267231 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 14 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ ६ गते (20 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अरोरा ह्युमेन रिसोर्स प्रा. लि.
कुपण्डोल-१०, ललितपुर, फोन: ०१-५२६१०६३, ५२६०८१०, फ्याक्स: ०१-५१६१०५९
E-mail: aurorashrpl@gmail.com, Web.: www.auroranepal.com | Mobile: 985-1139971, 9851008157
श्रम इजाजत नं. ७३६/०६४/०६५

कतार र साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: NEW BALAJI TRADING CONTRACTING & HOSPITALITY शहर: DOHA

पुर्व स्वीकृत मिति: २०८०/०२ /२१ चलानी नं.: ६०२०२५४४ LT. No.: 287133 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourers | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 1 | 0 | | 1400 | ५०८९० | | | | | | | |
| 3. | Representative | 1 | 0 | | 2200 | ७९९७० | | | | | | | |
| 4. | Supervisor | 1 | 0 | | 2500 | ९०८७५ | | | | | | | |
| 5. | Executive Sales | 1 | 0 | | 2100 | ७६३३५ | | | | | | | |

कम्पनी: IDEAL SOURCES CONTRACTING EST. शहर: SAUDI ARABIA

पुर्व स्वीकृत मिति: २०८०/०९ /२६ चलानी नं.: ६०२१२९०१ LT. No.: 297626

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० २०८० माघ ६ गते (20 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

C.D. Human Resources Pvt. Ltd.
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Gov. Lic. No. 1048/073/74
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073

साउदीमा रोजगार | १. कम्पनी: Bakhashab Transport and Trading Co. Ltd.
शहर: Saudi Arabia,dammam

पूर्व स्वीकृत मिति: २०७९/१२/०९ चलानी नं.: ६०१९८६१८ LT. No.: 283306 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ६ गते (20 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
साबिक (Continental Manpower (Nepal) Pvt. Ltd.)
Sinamangal-09 Shambu Marga Kathmandu. Tel:+977-4578566, 4578866
Email: continentalnepal190@gmail.com web: www.continentalmanpower.com.np
Gov. Lic No. 190/057/058

# सञ्चय कोषका सञ्चयकर्ताले केएमसीबाट स्वास्थ्य सेवा लिन पाउने



**काठमाडौं/मस** - कर्मचारी सञ्चय कोषमा आबद्ध सञ्चयकर्ताहरुले काठमाडौं मेडिकल कलेज(केएमसी) मा स्वास्थ्य सेवा लिन पाउने भएका छन्। सञ्चयकर्तालाई कोषले सामाजिक सुरक्षा सुविधा अनुसार साधारण तथा घातक रोगको उपचार गर्न काठमाडौं मेडिकल कलेजलाई पनि समावेश गरेको हो ।

कोषले सूचना प्रकाशित गर्दै आगामी फागुन १ गतेदेखि लागू हुनेगरी विभिन्न अस्पतालहरुको छनौट गरेको छ। जसमा काठमाण्डौ मेडिकल कलेज समेत परेको छ । केएमसीका जनरल मेनेजर नारायण दाहालले कर्मचारी सञ्चय कोषमा आबद्ध सञ्चयकर्ताहरुले केएमसीमा सहज रुपमा स्वास्थ्य सेवा लिन सक्ने बताए । कोषले जनाए अनुसारको कागजात लिएर केएमसीमा उपलब्ध जुनसुकै स्वास्थ्य सेवाको लाभ लिन सकिनेछ ।

कोषले २०७६ सालदेखि सञ्चयकर्तालाई अस्पताल भर्ना भई उपचार गराएको साधारण रोगको हकमा प्रत्येक वर्ष एक लाख रुपैयाँ तथा घातक रोगको हकमा सेवा अवधिभर १० लाख रुपैयाँसम्म स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउँदै आएकोमा फागुन १ गतेदेखि लागू हुने गरी उपचार गराउने अस्पतालको सूची तयार पारेको छ । कोषले हाल साविकमा सञ्चयकर्तालाई मात्र स्वास्थ्य उपचार सुविधा दिएकोमा फागुन १ गतेदेखि लागू हुनेगरी पति/पत्नीलाई समेत समावेश गरेको छ ।

सूची अनुसार कोषको स्वास्थ्य उपचार योजना अन्तरगतको सेवा पाउने अस्पतालहरुमा केएमसीसँगै बागमती प्रदेशमा ६० वटा, कोशी प्रदेशमा नोबेल मेडिकल कलेजसहित १६ वटा, मधेश प्रदेशमा नेशनल मेडिकल कलेजसहित नौ वटा छन्। त्यसैगरी, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित १५ वटा, लुम्बिनी प्रदेशमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित आठ वटा कर्णाली प्रदेशमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रादेशिक अस्पताल सुर्खेत, सुदूरपश्चिम प्रदेशमा सेती प्रादेशिक अस्पतालसहित तीन वटा छन् ।

# 'टाटा मोटर्स फन कार्निभल ३.०' आयोजना




**काठमाडौं/मस** - नेपालका लागि टाटा मोटर्सको एकमात्र अधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले टाटा मोटर्स फन कार्निभल ३.० कार्यक्रमको आयोजना गर्न लागेको छ । सो कार्यक्रममा जुनसुकै ब्राण्डका पुराना गाडीहरुसँग नेपालमा सर्वाधिक रुचाइएका टाटाका अत्याधुनिक प्रविधियुक्त नेक्सन इभी र टियागो इभी लगायतका गाडीहरु साट्न सकिने छ ।

ग्राहकको परिवर्तित जीवनशैली र अत्याधुनिक सवारी प्रतिको रुचि तथा चाहनालाई मध्यनजर गर्दै मेलाको आयोजना गरिएको कम्पनीले जनाएको छ। मेला पुस २७ गतेदेखि २९ गतेसम्म उपत्यका बाहिर टाटा मोटर्सको शोरुम अलास्का मोर्टस बिर्तामोड, सिद्धार्थ कटेज बुटवल, सिप्रदी ट्रेडिङ बुद्ध चोक पोखरा र टाउन हल प्लानिङ वीरगञ्जमा आयोजना गर्न लागिएको हो ।

फन कार्निभल ३.० मा टाटाका गाडी किन्ने ग्राहकहरुले आकर्षक एक्सचेन्ज बोनस, निःशुल्क रुपमा इभी गाडीहरुका लागि फास्ट चार्जर, एक वर्षको अटोप्लस इन्स्योरेन्स, एक वर्षको सवारी कर, एसिसरिज, सरप्राइज गिफ्ट र बम्पर उपहारमा इलेक्ट्रिक स्कुटर प्राप्त गर्नेछन् । यस कार्निभलको मुख्य उद्देश्य भनेको ग्राहकवर्गलाई खेल तथा मनोरञ्जनमार्फत् नौलो अनुभूति गर्दै गाडी किन्ने फरक एक्सपेरियन्स प्रदान गर्नु हो । यस कार्यक्रमको वबसरमा ग्राहकहरुले टाटा मोटर्सको नयाँ तथा अत्याधुनिक डिजाइनका उत्पादनहरु अवलोकन तथा टेस्ट ड्राइभ गर्न सक्नेछन् ।

# गरिमा क्यापिटलको वार्षिक साधारण सभा सम्पन्न



**काठमाडौं/मस** - गरिमा क्यापिटलको आठौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । साधारणसभाले आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन पारित गरी आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति लगायतका प्रस्तावहरु पारित गरेको छ। क्यापिटलका सञ्चालक समितिका अध्यक्ष दिपक पाण्डेयको अध्यक्षतामा सम्पन्न आठौं वार्षिक साधारणसभामा आव २०७९/८० को वार्षिक प्रतिवेदनमाथि सहभागी शेयरधनीहरुले राखेका जिज्ञासाहरुको अध्यक्ष पाण्डेय एवं प्रमुख कार्यकारी अधिकृत निर्मल भट्टराईले स्पष्ट पारेका थिए ।

गरिमा क्यापिटल नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर हो । यस संस्थाले हाल लगानी व्यवस्थापन सेवा तथा निक्षेप सदस्य (डिम्याट तथा मेरोशेयर खाता सम्बन्धी) सेवा प्रवाह गर्दै आएकोमा निकट भविष्यमा नै कोष सुपरिवेक्षक र कोष प्रवर्द्धकको प्रचलित कानून बमोजिम आवश्यक स्वीकृति लिई गरिमा म्युचुअल फण्ड अन्तर्गत विभिन्न बन्दमुखी तथा खुल्लामुखी योजनाहरु क्रमशः दर्ता तथा सञ्चालन गर्दै अगाडी बढ्ने जानकारी समेत गराएको छ ।

क्यापिटलका सम्पूर्ण सेवाहरु ग्राहक समक्ष पुऱ्याउन गरिमा विकास बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरुबाट सहजिकरण हुँदै आएको छ। यस संस्थाले आफ्ना सेवाहरु अझ परिस्कृत र ग्राहकमैत्री तवरबाट प्रवाह गर्नको निमित्त विभिन्न नविनतम प्रविधिहरुको प्रयोग गर्दै अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# सोल्टी होटलको ३१.५७ प्रतिशत लाभांश प्रस्ताव पारित

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, २७ पुस




सोल्टी होटलको ४९औं वार्षिक साधारण सभाले ३१.५७ प्रतिशत लाभांश प्रस्ताव पारित गरेको छ । कम्पनीको साधारण सभाबाट २६.५७ प्रतिशत नगद लाभांश र ५ प्रतिशत बोनस शेयर लगानीकर्तालाई वितरण गर्ने प्रस्ताव पारित भएको हो ।

कार्यकारी अध्यक्ष दिनेशबहादुर विष्टको अध्यक्षतामा बसेको साधारण सभाले कम्पनीको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदनसमेत पारित गरेको छ ।

यसैगरी साधारण सभाले कम्पनीको चालु आर्थिक वर्षको लेखापरीक्षण गर्न जेबी राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टसलाई लेखापरीक्षक नियुक्त गरेर पारिश्रमिकसमेत निर्धारण गरेको छ ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस Future Employment Services Pvt. Ltd.(**श्रम इजाजत पत्र नं. ६२७/०६३/०६४**) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १ | महेश अधिकारी | 36410729 | श्रम प्रतिनिधि |
| २ | कल्पना ज्ञवाली | 522 | रिक्युपमेन्ट अफिसर |
| ३ | सबिना भट्टराई | 11-01-72-01621 | रिसेप्सन |
| ४ | भरत प्रसाद पाण्डे | 104053 | डिप्लोएमेन्ट अफिसर |
| ५ | सिवलाल कोईराला | 99/6491 | ब्रान्च म्यानेजर |
| ६ | उमेश चौधरी | 100914/200914 | डकुमेन्टेसन |
| ७ | बिनिता बस्नेत | 21-01-73-01052 | रिसेप्सन |
| ८ | जयराम नेपाली | 60/458 | डकुमेन्टेसन |
| ९ | रिजन थापा | 17-01-75-02576 | डकुमेन्टेसन |
| १० | कर्मा चुङदक गुरुङ | 52-01-069-01228 | माकेटिङ्ग अफिसर |
| ११ | स्वेका श्रेष्ठ | 27-01-72-13684 | करेसपडिङ् अफिसर |
| १२ | भेष बहादुर चौहान | 03017501292 | डकुमेन्टेसन |
| १३ | बिष्णु कुमारी थापा | 3417504113 | रिसेप्सन |
| १४ | सम्प्रदा घिमिरे | 9929/51335 | डकुमेन्टेसन |

Future Employment Services Pvt. Ltd.
Gairidhara, Kathmandu, Nepal Tel: +977-1-4004535, 4004532
E-mail: cv@futuregroup.com.np, web: www.futuregroup.com.np
श्रम ईजाजत नं.: ६२७/०६३/०६४

# जय माँ लक्ष्मी कृषि सहकारीको साधारण सभा सम्पन्न



**घुरन यादव/मध्यान्ह**
सप्तरी, २७ पुस

सप्तरीको बलान बिहुल गाउँपालिकाको वडा नं. ५ स्थित जय माँ लक्ष्मी सहकारीको प्रथम साधारण सभा सम्पन्न भएको छ । सभामा प्रमुख अतिथि मधेश प्रदेश सभा सदस्य अनिरुद्ध यादव र विशिष्ट अतिथिको रुपमा गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवले आफ्नो विचार राखेका थिए ।

सहकारीले लघु कर्जा, कृषि उधम कर्जा, पशु बीमालगायतका सेवाहरु दिँदै आएको छ। सहकारीले बलान बिहुल, बोदे बरसाईन वडा नं. १, २ र ६ मा आफ्नो शाखा विस्तार गरेको छ। सभाको अध्यक्षता जीवेन्द्र यादवले गरेका थिए भने रामबिहारी सदायले सञ्चालन गरेका थिए ।

## भुलसुधार

मिति २०८० पौष २५ गते यस मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ नम्बर १६ मा प्रकाशित ताप्ली गाउँपालिका उदयपुरको सूचनामा सूचना प्रकाशन मिति २०८० पौष २५ हुनु पर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

## श्री मदन आश्रित प्राथमिक विद्यालय पानीपोखरा
### भैरवी-७ दैलेख

**सिलबन्दी कोटेसन आह्वान गरिएको सम्बन्धमा**

**मिति : २०८०/०९/२८**

प्रस्तुत विषयमा यस विद्यालयलाई श्री सामाजिक विकास कार्यालय दैलेखबाट आ.व. २०८०/०८१ मा ४ कोठे भवन निर्माण योजना उपलब्ध भएकाले नेपाल सरकारबाट गुणस्तर प्राप्त कम्पनी वा निर्माण कर्ताले उत्पादन गरेका निर्माण सामाग्रीहरू भैरवी गा.पा. ७ पानीपोखरामा रहेको श्री मदन आश्रित प्राथमिक विद्यालय पानीपोखरासम्म सामग्रीको मूल्य अभिवृद्धि कर, ढुवानी कर, ढुवानी खर्च र सामग्री लोड-अन लोड लगायत सम्पूर्ण खर्च निर्माण सामग्री उपलब्ध गराउने फर्म वा कम्पनीले व्यहोर्ने गरी तपसिल बमोजिमका सामग्रीहरूको परिमाणको मूल्य सूचि सहित आवश्यक कागजातहरू मिति २०८०/१०/०५ गते विद्यालय समयभित्र विद्यालयमा पेस गर्नको लागि (७) दिने कोटेसन सूचना मिति २०८०/०९/२६ गतेको वि.व्य.स.को निर्णय बमोजिम इच्छुक कम्पनी, फर्म र ढुवानी सेवा लगायत सम्बन्धित सवैमा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | सामाग्रीको विवरण | परिमाण |
|---|---|---|
| १. | सरिया ८ MM | प्रति के.जि. |
| २. | सरिया १० MM | प्रति के.जि. |
| ३. | सरिया १२ MM | प्रति के.जि. |
| ४. | सरिया १६ MM | प्रति के.जि. |
| ५. | सरिया २० MM | प्रति के.जि. |
| ६. | सिमेन्ट OPC | प्रति के.जि. |
| ७. | सिमेन्ट PPC | प्रति बोरा |
| ८. | बेन्डिङ्ग तार | प्रति के.जि. |
| ९. | इट्टा | प्रति पिस |
| १०. | बालुवा | प्रति ट्याक्टर |
| ११. | गिट्टी | प्रति ट्याक्टर |
| १२. | ढुङ्गा | प्रति ट्याक्टर |
| १३. | किला | प्रति के.जि. |

**वि.व्य.स अध्यक्ष देवीराम कठायत** **प्राधानाध्यापक : भक्तबहादुर खनाल**

## सयपत्री हाइड्रोपावर लिमिटेडको सातौं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण

*(कम्पनी ऐन , २०६३ को दफा ७५(३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्रकाशित)*

**१. वैधानिक सभा:**
*सयपत्री हाइड्रोपावर लिमिटेडको मिति २०८० साल मंसीर महिना २६ गते तदनुसार २०२३ डिसेम्बर १२ मंगलवार बसेको सञ्चालक समितिको ७० औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रवन्धपत्र र नियमावली बमोजिम यस कम्पनीको सातौं बार्षिक साधारण सभा कम्पनीका सञ्चालक समितिका अध्यक्ष डा. एक नारायण चापागाईज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी निर्धारित विषयमा छलफल तथा निर्णय देहाय बमोजिम काम कारवाई सुसम्पन्न भयो ।*

**२. सभाको मिति, समय र स्थान:**
*मिति: २०८० साल पौष महिना २१ गते (तदनुसार सन् २०२४ जनवरी ०६) शनिवार ।*
*समय: बिहान ८:०० बजे ।*
*स्थान: ज्योति बैंक्वेट एण्ड इभेन्ट म्यानेजमेन्ट, मैजुबहाल, कुमारीगाल, काठमाण्डौ ।*

**३. सभाको सूचना:**
*यस कम्पनीको मिति २०८० साल मंसीर महिना २६ गते तदनुसार २०२३ डिसेम्बर १२ मंगलवार बसेको सञ्चालक समितिको ७० औं बैठकको निर्णयानुसार कम्पनीको सातौं बार्षिक साधारण सभाको सूचना (स्थान, मिति, समय र छलफल हुने विषय समेत) कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार मिति २०८०/०८/२८ र मिति २०८०/०८/२९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथ कम्पनीको वेभसाईटमा राखी शेयरधनी महानुभावहरुमा सार्वजनिक रुपमा सूचित गरिएको थियो ।*

**४. छलफल तथा निर्णयका लागि निर्धारित विषयसुची:**
*(क) सामान्य प्रस्ताव:*
*(१) आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन बारे ।*
*(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७९/०८० को नाफा(नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु बारे ।*
*(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्न लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।*
*(ख) विविध ।*

**५. सभामा उपस्थिति:**
*(१) कूल शेयर संख्यामा: ३०,००,००० थान ।*
*(२) जम्मा शेयरधनी: ६२,५८३ जना ।*
*(३) सभा सञ्चालन गर्न आवश्यक न्यूनतम गणपूरक संख्या (शेयरमा): १५,००,००१ थान ।*
*(४) कूल शेयरको प्रतिनिधित्व (प्रतिशतमा): ६०.२२ प्रतिशत ।*
*(५) कूल शेयरको प्रतिनिधित्व (संख्यामा): १८,०६,८७५ थान ।*
*(६) सभामा उपस्थित शेयरधनीको संख्या: ४९ जना ।*

**६. सभाको वैधानिकता र सभा संचालन:**
*कम्पनीको सातौं बार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार बोलाइएको र सभाको गणपूरक संख्याको हकमा कम्पनी ऐन, २०६३ को दफा ७३(२) को प्रावधान अनुसार साधारण सभाको गणपरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० (पचास) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ३ (तीन) जना भन्दा बढी रहेको र शेयर संख्या बाँडफाँड भएको शेयरको ५० (पचास) प्रतिशत भन्दा बढी भएको हुँदा सञ्चालक समितिका अध्यक्षले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो । तद् पश्चात् कम्पनीको नियमावलीको व्यवस्था अनुसार सञ्चालक समितिको अध्यक्षले सभाको अध्यक्ष ग्रहण गरी कानूनतः आवश्यक प्रक्रिया पूरा भएकोले निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णय गर्न सभा सञ्चालन गर्न अनुरोध गर्नुभयो । सञ्चालक समितिका सदस्यहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित व्यक्तित्वहरु र उपस्थित सबै शेयरधनीहरुलाई आसन ग्रहण गराई सभा सञ्चालित भएको थियो । सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुको स्वागत सञ्चालक समितिको तर्फबाट सञ्चालक दिल बहादुर थापाले गर्नु भएको थियो ।*

**७. सभाको निर्णय:**
*(क) सामान्य प्रस्ताव:*
*(१) आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो ।*
*(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७९/०८० को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी स्वीकृत गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो ।*
*(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्न लागि लेखापरीक्षण समिति र सञ्चालक समितिको सिफारिश अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षक गर्न र निजको पारिश्रमिक निर्धारण गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा पी. महासेठ एण्ड कं. (P. Mahaseth & Co.), चार्टर्ड एकाउन्टेन्ट्सलाई वार्षिक रु. १,५०,०००/- (अक्षेरुपी एक लाख पचास हजार रुपैयाँ) (मूल्य अभिबृद्धि कर सहित) दिने गरी आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो ।*
*(ख) विविध: विविध अन्तर्गत छलफलको अन्य कुनै विषयमा नभएकोले यस सम्वन्धित कुनै छलफल तथा निर्णय भएन ।*

**८. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन:**
*छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्णलाई महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।*

## मलेसियामा रोजगार

कम्पनी: SERI KOLEK SECURITY (M) SDN. BHD.
शहर: SELANGOR

पूर्व स्वीकृत मिति: २०७९/०१/२७ चलानी नं.: ६०१७९०६६ LT. No.: 262773 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ६ गते (20 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्याहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामददारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामददारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

NS INTERNATIONAL PVT. LTD.
Kathmandu, Nepal, Tel. No.: 01-4485082, 4485083
Mob.: 9803888634,9840065304,9851265910
Email: ns.international1066@gmail.com
Gov. Lic No. 1066/073/074

# प्रिन्स र रशिला उपाधि नजिक

**काठमाडौं/मस–** एपीएफका प्रिन्स दाहाल र आर्मीकी रशिला महर्जन प्रकास दाहाल स्मृती राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको उपाधि नजिक पुगेका छन् । शुक्रबार सम्पन्न खेलमा प्रिन्सले एपीएफका देवराज रानालाई २१-१०, २१-१२ ले पराजित गर्दै उपाधिका लागि आर्मीका प्रफुल महर्जनसंगको भेट पक्का गरेका हुन् । प्रफुलले पुलिस क्लबका बिष्णु कटुवाललाई २१-१५, २१-१२ ले पराजित गर्दै फाईनल भिडन्त पक्का गरेका हुन् ।





यस्तै महिला तर्फको खेलमा आर्मीकी रशिला महर्जनले आफ्नै क्लबकी अमिता गिरीमाथि २१-५, २१-१७ को सहज जित निकाल्दै फाइनलमा आर्मीकै अनुमाया राईसँगको भेट पक्का गरेकी हुन् । अनुले कस्तुरी कलेजकी सिमा राजबंशी माथि २१-१८, २१-१४ को जित हात पारेकी हुन् ।

लाखेपोखरी बौद्धस्थित स्पोर्ट्स हवको आयोजनामा भएको प्रतियोगिताका भेट्रान ३५ बर्ष माथिको खेलमा कास्कीका विशाल खड्का र आर्मीका सुरोज महर्जनको जोडीले न्यू बिएसका नारायण गौतम र आरिफ मलिकको जोडीलाई २१-१८, २१-१४ ले र चितवनका विद्वान गुरुङ र अमर रायमाझीको जोडीले चन्द्रागिरीका माधव ढकाल र प्रमोद महर्जनको जोडीलाई २१-११, १९-२१, २१-१४ ले पराजित गर्दै सेमिफाईनलमा स्थान बनाउन सफल भएका छन् ।

यसैगरि पिस फिटनेश सेन्टरका संजय कपाली र अनिल थाम्सुहाङ्गको जोडीले आयोजक स्पोर्टस् हवका लाक्पा तेङ्गी तामाङ र श्याम तामाङको जोडीलाई २१-१३, २१-१५ ले पराजित गर्दै सेमिफाईनल प्रवेश गरे ।

पुरुष शीर्ष २० बरियता बाहेकको युगल प्रतियोगितामा कास्कीका विधान अधिकारी र पविन लिनथेपको जोडी सूर्यदर्शन युनिटीका महेश खड्का र दीपक रानको जोडीलाई २१-१६, २१-१६ को समान अन्तरले पराजित गर्दै सेमिफाईनलमा स्थान बनाउन सफल भएका छन् ।

यस्तै सेमिमा स्थान बनाउने क्रममा एपीएफका भोज बहादुर गुरुङ र सन्तोष पनेरुको जोडीले बालकुमारी रिमिक्सका ससिन डंगोल र सुमन शाक्यको जोडीलाई २१-१८, १९-२१, २१-१७, स्पोर्टस् हवका अभिषेक गुरुङ र निश्चल कार्कीको जोडीले धादिङका लक्ष्मण मल्ल ठकुरी र देवीनगरका राम मल्ल ठकुरीको जोडीलाई २१-१५, २०-२२, २१-१७, नखिपोटका बिवेक कन्दङ्गवा र नेल्सन राईको जोडीले लाफाका मनोज फौदार र बिवेक न्यौपानेको जोडीलाई २१-१७, २१-१९ ले पराजित गरे ।

पुरुष भेट्रान युगल ४५ बर्ष माथिको प्रतिस्पर्धामा पिस फिटनेश सेन्टरका संजय कपाली र अनिल थाम्सुहाङ्ग, तिलक छन्त्याल र हिरा रोका, एपीएफका धिरेन्द्र चन्द र गण्डकीका टिका थापा तथा चन्द्रागिरीका हरि खत्री र राजकुमार पोखरेलको जोडी पनि सेमिफाईनलमा स्थान पक्का गर्न सफल भएका छन् ।

